साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४४ अंक ८ २०८२ भदौ २४ गते मंगलबार (Sep.9 , 2025) मूल्य रू. १०/-

## गणतन्त्रको रक्तस्नान




जेन जी अर्थात् सन २००० तिर जन्मेको पुस्ताले नेपोटिजम अर्थात् सत्ता र शक्तिशालीका सन्तानले खासेको सुविधा र बढ्दो भ्रष्टाचारको विरुद्धमा शान्तिपूर्ण आन्दोलन गर्दा गणतान्त्रिक सरकारले आन्दोलित युवाहरुको रक्तस्नान गरेको छ । १९ युवा मारिइसकेका छन्, सयौं जीवन र मृत्युको दोसाँधमा छन् । गणतन्त्रको गोली र दमनले युवालाई बिद्रोह गर्न बाध्य पारेको छ । सरकारले सामाजिक सञ्जालमा फर्मान जारी गरेर प्रतिवन्ध लगाउँदा युवाको असन्तुष्टी दावानल बन्नपुग्यो । संसदमा धावा बोल्दा सरकार कफ्र्यू लगाउन, सेना परिचालन गर्न बाध्य भएको छ ।

### मेक अमेरिका ग्रेट अगेनका लागि



## राष्ट्रपति युद्ध गर्न परे पनि तत्पर

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले रक्षा मन्त्रालयलाई युद्ध मन्त्रालयका रूपमा पहिचान दिनेगरी निर्देशन दिएपछि अमेरिकी सुरक्षामा धेरै कुरा बदलिन थालेका छन् । गत शुक्रवार राष्ट्रपतिले रक्षा मन्त्रालयलाई युद्ध मन्त्रालयको नाम दिँदै रक्षामन्त्री पिट हेग्सेथलाई युद्ध मन्त्रीको रुपमा काम गर्न भन्नेछन् । सैनिक हेर्ने पेन्टागन पहिले युद्ध मन्त्रालय भनिन्थ्यो । जुन १७८९ मा क्याबिनेट निकाय र १९४७ सम्म अस्तित्वमा रहेको थियो । राष्ट्रपतिका अनुसार युद्ध मन्त्रालयको नाममले तत्परता र दृढ संकल्पलाई बुझ्न सकिन्छ ।

राष्ट्रपति ट्रम्पले चीनको सैनिक परेड, खतरनाक हतियार प्रदर्शन, रुसको तेल, युद्ध तथा भारतको नीति सबैतिर तीखो नजर लगाइरहेका छन् । ट्रम्पले मेक अमेरिका ग्रेट अगेनका सबै निर्णयमा कांग्रेसले साथ दिने विश्वास गरेका छन् ।

राष्ट्रपति ट्रम्पको ट्यारिफ नीतिका कारण रुस, चीन, भारत, नर्थ कोरिया नजिकिएका छन् । सैनिक परेडमा एकता प्रदर्शन पनि गरेका छन् ।

चीनमा आयोजित सैनिक परेडपछि अमेरिकी युद्ध मन्त्रालय दुबै अर्थपूर्ण रहेका छन् । अब हेर्नुछ, राष्ट्रपति ट्रम्पले युद्ध रोकेर नोबल शान्ति पुरस्कार पाउने छन् कि तेस्रो विश्वयुद्धतिर स्थितिले यू टर्न लिनेछ ?

## रुस, चीन र नर्थ कोरिया एकता



शङ्घाई सहयोग सङ्गठन (एससिओ) को शिखर सम्मेलनमा रुसी राष्ट्रपति पुटिन, चीनका राष्ट्रपति सी चिनफिङ र उत्तर कोरियाका शीर्ष नेता किम जोङ् उनले एकढिक्का रहेको सन्देश दिएका छन् । तिनै आणविक शक्ति राष्ट्रहरुको एकताले शान्तिको भन्दा बढी शक्तिको प्रदर्शन गरेका छन् र शान्ति स्थापनाको नाममा तेस्रो विश्वयुद्ध हुनसक्नेतिर इसारा पनि गरेका छन् ।

भदौ १८ गते चीनले 'भिक्ट्री परेड' का अवसरमा प्रदर्शन गरेको खतरनाक हतियार, विशाल सेना र सांघाई सहयोग संगठनका १० सदस्यहरु चीन, रुस, कजकिस्तान, किर्गिस्थान, ताजकिस्तान, उज्वेकिस्तान, भारत, पाकिस्तान, इरान र बेलारुस र डाइलग पार्टनर, पर्यवेक्षकहरुको एकता देख्दा लाग्छ, चीन विश्वशक्तिका रुपमा स्थापित भइसकेको छ । भेला भएका ९० प्रतिशत राष्ट्रहरु अमेरिकाप्रति नकारात्मक दृष्टि राख्ने रहेका छन् । यसबाट बुझ्न सकिन्छ- एससीओ के हो ?

## चीन सर्वाधिक चर्चामा




चीनले आयोजना गरेको सैनिक परेड विश्वमै ठूलो सैनिक शक्ति प्रदर्शन पनि हो । यो अवसरमा चीनले नयाँ नयाँ अस्त्रशस्त्र, ड्रोन, मिसाइल, र अरू सैन्य उपकरण प्रदर्शन गरेको थियो । चीनले रुस, पाकिस्तान, नर्थ कोरियालाई साथमा राखेर गरेको यो सैन्य सामर्थ्यको प्रदर्शन विश्वशक्ति को भन्ने सन्देश पनि हो ।

अमेरिकाको प्रतिद्वन्दी मानिएको रुस, उत्तर कोरिया र भारतसमेत २० भन्दा बढी देशका सरकार प्रमुख र राष्ट्रप्रमुख सहभागी यो सैनिक परेडले विश्व सामरिक प्रतिस्पर्धातिर उन्मुख हुन थालेको सन्देश पनि दिएको छ ।

यता दक्षिण कोरियाका राष्ट्रपतिसँग उत्तर कोरियाका शीर्ष नेता किम जोङ उनसँग भेट्न चाहेको विषय उठाएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई चीनले उक्साउन खोजेजस्तो देखिन्छ । खासगरी विश्वभरि अमेरिकाले लगाएको ट्यारिफ टाउको दुखाइ भइरहेको बेलामा चीनको प्रदर्शनीको जवाफ अमेरिकाले रक्षा मन्त्रालयको नाम युद्ध मन्त्रालयमा परिवर्तन गरेर तैयार रहेको जनाउ दिएको छ ।

विश्व राजनीतिक स्थितिले अझ जटिल मोड लिन लागेको त होइन ?

# कांग्रेस एमालेले सहकारी डुबाए




सहकारी पीडितहरु सडकमा आन्दोलित भएपछि २०८० सालमा सरकारले डा.जयकान्त राउतको नेतृत्वमा सहकारी सुधार सुझाव आयोग बनायो, तर यो आयोगको सुझावलाई सरकारले थन्क्याइदियो । पीडितहरुले गर्जो टार्न जम्मा गरेको निक्षेप फिर्ता पाउन सकेनन्, सरकार कानमा तेल हालेर बसेको छ । सहकारी डुबाउने कांग्रेस-एमाले हुन्, माओवादी अध्यक्ष प्रचण्ड यसै भन्छन् । आधुनिक सहकारी १८४४ डिसेम्बर २१ मा बेलायतको रोचडेल इक्विटेबल पायोनियर सोसाइटीबाट सूरु भएको हो । मजदुर र साना व्यवसायीलाई स्वावलम्बी बन्न सघायो ।

नेपालमा २०१० सालदेखि सहकारी विभाग स्थापना भयो । आधुनिक सहकारी विचारको सुरुवात १८४४ डिसेम्बर २१ मा बेलायतको रोचडेल इक्विटेबल पायोनियर सोसाइटीबाट भएको मानिन्छ, जसले मजदुर र साना व्यवसायीलाई स्वावलम्बी बन्न मार्गदर्शन गऱ्यो । यसै भावनालाई अङ्गीकार गर्दै नेपालमा पनि आधुनिक सहकारी आन्दोलनले जन्म लियो । नेपालमा २०१० सालमा सहकारी विभाग स्थापना भयो, चितवन जिल्लामा २०१३ साल चैतमा दर्ता भएको बखान ऋण सहकारी पहिलो सहकारी संस्था हो । २०१६ सालमा जारी सहकारी ऐनले सहकारीलाई स्वायत्तता, सदस्यको आर्थिक सहभागिता र प्रजातान्त्रिक नियन्त्रणमा आधारित संस्था बनाइयो । त्यसपछि २०७४ मा सहकारी ऐन बन्यो, २०७५ मा सहकारी नियमावली जारी भयो । त्यसपछि सहकारलि व्यापकता पायो ।

रेकर्डअनुसार ३३ हजार सहकारी संस्था दर्ता छन्, जसमा ७० लाख सदस्य छन् । यी संस्थाहरूले बचत, ऋण, कृषि, स्वास्थ्य, शिक्षा लगायतका विभिन्न क्षेत्रमा सेवा प्रदान गर्दै साना ठूला बचतकर्ताको निक्षेप रहेको छ । निक्षेपकर्ताहरु ठगिएका छन्, ठगलाई हाइसन्चो छ ।

पछिल्लो समय सहकारीमा निक्षेपको दुरुपयोग बढेकाले समस्या चुनौती व्यापक छन् । समस्या देखिनुपूर्व सहकारीका माध्यम भनेको भुइँमान्छेको वित्तीय साक्षरता, वित्तीय पहुँच एवं वित्तीय समावेशीकरण, महिला सशक्तीकरण, लोकतान्त्रिक अभ्यास एवं सामाजिक पूँजी निर्माणमा धेरै ठूलो भूमिका रहेको थियो । समस्या बढेपछि, सहकारीको रकम दुरुपयोग गर्नेहरु भाग्ने, लुक्ने, कारवाहीमा पर्ने कारणले सहकारी मार्फत झण्डै ४ खर्ब भ्रष्टाचार भएको छ । शेयर सदस्य संख्या ७३ लाख ३७ हजार २५२, शेयर पूँजी ९४ अर्ब १२ करोड, बचत ४ खर्ब ७७ अर्ब ९९ करोड ऋण प्रवाहका नाममा अपचलन भएको छ । निक्षेपकर्ताको निक्षेप फिर्ता गर्न कृषि मन्त्रालय, सहकारी विभाग, सहकारी बोर्ड, राष्ट्र बैंक, अर्थ मन्त्रालय गैह्रजिम्मेवार बनेका छन् । निक्षेपकर्ताहरु भोकभोकै, औषधि नपाएर पनि मरेका घटना छन् ।

एक अध्ययन अनुसार ७० प्रतिशत सहकारीमा ठगी भएको छ । जसका कारण सहकारी आन्दोलन नै बदनाम

*नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०८० बैशाख १६ गतेको निर्णय अनुसार गठन भएको सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ले तोकिएको कार्यशर्तको अधीनमा रही सरोकारवाला व्यक्ति/निकायहरुसँग छलफल,अन्तरक्रिया,राय, परामर्श एवं अध्ययन अनुसन्धान समेत गरी सहकारी क्षेत्र सम्बन्धी नीतिगत, कानूनी, संस्थागत पुनर्संरचनाको ढाँचा सहितको विस्तृत प्रतिवेदन तयार गरी पेश गरेका छौं । नेपालको सहकारी क्षेत्रको सुधारका लागि नीतिगत, कानूनी, संरचनागत एवं कार्यव्यवहारगत सुझाव सहितको प्रतिवेदन तयारीको जिम्मेवारी प्रदान गर्नुभएकोमा कार्यदलको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । - डा. जयकान्त राउत*

हुनपुगेको छ । सहकारी सञ्चालकहरुमध्ये ठूला साना पार्टीका केन्द्रीय नेताहरु नै संलग्न देखिन्छन् । तर उनीहरु सञ्चालक रहेको सहकारीमा ठगी देखिए पनि कसैमाथि पनि कारवाही भएको छैन । सहकारी समस्यालाई राजनीतिकरण बढी गरिएको छ र राजनीतिक प्रतिषोध साध्ने औजारका रुपमा पनि सहकारी ठगीलाई मुद्दा बनाइएको देखिन्छ । समस्या समाधानमा गम्भीरता छैन ।

यसबीच माओवादीका अध्यक्ष तथा प्रमुख प्रतिपक्षी नेता प्रचण्डले भनेका छन्- सहकारी क्षेत्रका समस्या भनेको सहकारी क्षेत्रमा लागेका कांग्रेस-एमालेका नेताहरू नै हुन्, कारबाही गर्न खोज्दा सरकार ढालियो मेरो नेतृत्वको सरकारलाई नै ढालियो । समस्याको जड कांग्रेस-एमालेमाथि लगाए पनि सत्तासीनहरु चुपचाप सुनिरहेका छन् । अध्यक्ष प्रचण्डकै शब्दमा- 'हामीले शक्तिशाली प्राधिकरणमार्फत ठगहरूलाई कारबाही गर्न खोज्यौं, तर सरकार ढालियो । त्यसैले त्यो काम अघि बढ्न सकेन ।'

सहकारी पीडितलाई आकर्षित गर्दै प्रचण्डले भनेका छन्- 'हामी मध्यम वर्गकै प्रतिनिधि हौं । ऋण मिनाहा, सहकारी सुधार र तल्लो वर्गको उत्थान नेकपा माओवादीको प्राथमिकता हो । व्यवस्था परिवर्तन भयो, तर रचनात्मक परिवर्तन हुन बाँकी नै छ भन्दै प्रचण्डले भनेका छन्- 'उही नियम, उही परम्परा चलिरहेको छ । परिवर्तनको लडाइँ अझै बाँकी छ । हामी लड्छौं ।'




## इन्द्रजात्रामा बालेन-बालेन

भदौ २१ गते इन्द्रजात्रा । बसन्तपुरमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीगण, संवैधानिक निकायका प्रमुखहरुको भव्य उपस्थिति थियो । सबैले हात हल्लाएर इन्द्रजात्रामा सहभागीलाई स्वागत गरिरहेका थिए । सहभागीहरु जिवित देवी कुमारीको दर्शन गरिरहेका थिए । पछिल्लो पंक्तिमा उभिएका थिए- महानगरका मेयर बालेन साह । बालेन साहलाई देख्नासाथ बसन्तपुरमा उपस्थित ठूला जनसमुदायले नारा लगायो- बालेन साह, बालेन साह । प्रधानमन्त्रीसहितको राज्यसंयन्त्र हाँक्ने भीड हात हल्लाईरहे, नागरिकले बालेन साह भनिरहे ।

इन्द्रजात्रामा जिवित देवी कुमारीको दर्शन गर्न आएको ठूलो जनमानसको भीडले देवीको दर्शन गरे, मेयर बालेन साहप्रति आकर्षण देखाए । त्यो भीडले राष्ट्रपति, प्रधानमन्त्री, अरु व्यक्तित्वहरुको कुनै वास्ता गरेको देखिएन ।

अर्थात मेयर बालेन साहको क्रेज व्यापक छ, घटेको छैन । यो देखेर खासगरी बालेन साहप्रति नकारात्मक दृष्टि राख्ने एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीले नमीठो अनुहार लगाएको र श्रीमतीसँग कुरा गरेको पनि देखियो । आफूप्रति नागरिक आकर्षित भएको देखेपनि मेयरले अग्रपंक्तिमा आएर नमस्कार गर्दै नागरिकहरुको सम्मान गरेका थिए । त्यसपछि भीडले चिच्यायो- बालेन साह ।




## राजनीतिक इन्जिनियरहरू र नगरको इन्जिनियरिङ !!

लोकतन्त्र हाँक्ने इन्जिनियरहरु असफल भइसके । लोकतन्त्र ओल्लो किनार न पल्लो तीरको स्थितिमा पुगिसक्यो । संविधान असफल भएपछि टालटुल पार्न, भ्रम छर्न संविधान संशोधन गर्ने एजेण्डसहित गठन भएको सरकारले डेढवर्ष राज्यखान्की खाइसक्न लाग्यो, संविधानका विषयमा बहस वा छलफल हुनैसकेको छैन ।






कमी कहाँ छ, कमजोर के के हुन्, सुधार गर्नुपर्ने कुन कुन विषय हुन् ? यी लोकतान्त्रिक गणतन्त्र नेपालका राजनीतिक इन्जिनियरहरुले पत्तै लगाउन सकेनन् । राजनीति असक्षम देखियो । देश लथालिङ्ग भयो । कानुनव्यवस्था कायम भएन ।

यो घरको नक्सा जस्तो छ, त्यस्तै देखिन्छ लोकतन्त्र । यो घर सानो भूकम्पको धक्काले पनि ढल्न सक्छ । लोकतान्त्रिक गणतन्त्र पनि यही घरजस्तै जोखिममा छ । नागरिक बिद्रोह गर्न कस्सिइसकेका छन् । यो पद्धति र यो घरको नक्सा उस्तै उस्तै छ, छाँट न काँटको । नेपाल र नेपालीले यो खतरा बोकेर कहिलेसम्म बाँच्ने ?

# निङ्लाशैनी मन्दिरको प्राचीन इतिहास




**उद्धव मार्कण्ड, बैतडी-**

क्रमस...

देवीको मुख्य पूजा लाग्ने बेलामा उक्त घन्टी बजाइने गरिन्छ । डोटीका राजा नागी मल्ले देवीको बारेमा सोधेको र यदि सर्वशक्तिवान देवी भए मन्दिरमा रहेको निङालो, गडुवा, भोक तथा मान्छे आफै कम्पन होस भन्दा त्यही अनुरुप भएको प्रसङ्ग देवीको मन्दिरमा गाइने गाथामा यसरी आउँछ :

डोटी अजयमेरु साइ राज माता पुछ्न लाग्या बात.....
ततनी छै त निङलाड़ि दुर्गा निङलोइ कामी झान
औतरि गैन निङलाडि दुर्गा निङलोइ कामी गैछ ....

यस क्षेत्रमा हालको निङ्लाशैनी मन्दिर नजिकै देउडुङरी मा केदार देवता रहेको र देवी आएपछि वलि हुन थालेपछि केदार देवता त्यो ठाउँ छोडेर दसरथचन्द नगरपालिकाकै जर्गमा गएको पुरानो पुस्ताले बताउँछन् । देहिमाण्डौँमा हाल पनि जर्गको माथिल्लो डाँडामा केदार छिरेको गुफा भनेर प्रसिद्ध छ । अझै पनि देवीको शवारी हुँदा देवीले देवीले देउडुङरीमा गएर केदार देवताको दर्शन गर्नेकुरा बुढापाखाहरुले बताउँछन् । देवीको चलो (सवारी) जाँदा देवीको धामीले दर्शन गर्ने गर्दछन् ।

आजभन्दा करिब १५० वर्ष अगाडि तल्लोस्वराड़को मेलौली क्षेत्रमा महामारी चलेको र उक्त महामारी रोक्नका लागि मेलौली निवासी एकजना नायक थरका मान्छे निङ्लाशैनीमा आएका र धामी कमाएर उक्त महामारी हटाउनका लागि बिन्ति प्राथना गर्दा धामी कामेर महामारी रोक्ने वचन दिएको र देवीले भनेबमोजिम महामारी रोकिएकाले निङ्लाशैनीमा वलिका लागि राँगो ल्याउदै गर्दा मेलौली भगवतीले राँगो आफ्नो मन्दिरको थलोमा पुग्नेबित्तिकै त्यही रोकेको र राँगो कुनै हालतमा पनि निङ्लाशैनीमा ल्याउन नसक्दा नायक थरका मान्छे निङ्लाशैनीमा आएर राँगो ल्याउन सकेन के गरौं भनी धामीलाई सोधपुछ गरी देवीसँग विन्ति गर्दा बैनीले चारखुट्या रोक्यो मुइ दोखुट्या रोक्कौ भनेर नायकलाई त्यसै ठाउँमा रोकेको र त्यो दिन देखि देवी त्यसैमा सवार भएको हुँदा नायक देवीको मुख्य कर्मचारी धामीका रुपमा त्यसै ठाउँमा बसेको पाइन्छ र उक्त परिवार हाल देहिमाण्डौँको रेला भन्ने ठाउँमा बसोबास गर्दछन् । मेलौली भगवतीको मन्दिर प्राङ्गण धेरै ठूलो रहेको र उक्त समयमा निङ्लाशैनीको शक्ति र चहलपहलका कारण मेलौली भगवतीले दिदीजसी चौल, मेरी जसी थल भन्छिन् भन्ने किंवदन्ति रहेको छ ।

यस मन्दिरमा हरेक सङ्क्रान्ति र पूर्णीमामा पूजा लाग्ने गर्दछ भने वर्षमा चार महत्वपूर्ण मेला लाग्ने गर्दछन् । श्रावण र माघ महिनामा देवीको नित्य अभिशेष पनि हुने गर्दछ । यस मन्दिरका प्रमुख मेलाहरुमा पितृपक्ष सुरु हुनुअघिको भाद्र शुक्ल द्वादशीदेखि पूर्णिमा सम्मको चारदिने मेला जसलाई तेरत्याकि जाँत, नानी जाँत, ठूलिजाँत र पनिउँकी जाँत, असोजको नवरात्री घटस्थापनादेखि विजयादशमीसम्म, मंसिर शुक्ल पूर्णिमा लाग्ने जमानी जाँत र चैत्रको नवरात्रा अष्टमी जाँत छन् ।

भाद्र महिनाको चारदिने जाँतमा बैतडी क्षेत्र र स्वराड़ क्षेत्रका चन्द राजाहरुले चतुर्दशीको ठूलिजाँतमा बाँजागाँजा सहित जात्रा ल्याउने र देवीको दर्शन गर्ने गर्दछन् । पहिले पहिले बैतडीको जोशीबुङाबाट पनि जोशी र पन्तहरुले पनि जात्रा ल्याउने गर्दथे । मन्दिरमा जात्रा घुमाउने सन्दर्भमा भएको वादविवादका कारण देवी र केदार देवताको धामी कामेर जात्रा रोकेको बुढापाखाहरुले बताउँछन ।

यस मन्दिरको मुख्य व्यक्तिका रुपमा देहिमाण्डौँ बासी चतुरबह्माका सन्ताहरु रहेका छन् । देवीले यस क्षेत्रको न्यायनिशाफका लागि रजबारको पदवी प्रदान गरेको र हाण्णी लौड़ि बाद्दी डोरी सुम्पेकाले बोहराहरुलाई रजबारको रुपमा सम्मान गरिन्छ । देवीको मन्दिरमा पूजाका कर्ममा कालोखाममा बसेर मुख्य कर्ताका रुपमा पूजा गर्ने र देवीको पहिलो टिका रजबारका रुपमा रजबार मुखियालाई लाग्ने गर्दछ । देवीका प्रथम पूजारीका रुपमा जनाबिचार भट्टका सन्तानहरुले पूजा लाउँदै आइरहेको पाइन्छ । त्यसै गरी बोग्गाउ सुतेगाड निवासी भट्ट र अराली निवाशी जोशी गरी चार पूजारीहरुले यस मन्दिरमा पूजा लाउने गर्दछन् । निङ्लाशैनी भगवतीलाई जगत जननीको रुपमा हरेक क्षेत्रका मानिसहरुले पूजा अर्चना गर्ने गर्दछन् ।

प्राकृतिक सुन्दरताले भरिपूर्ण देहिमाण्डौँमा रहेको यो भव्य र पवित्र धार्मिक स्थलमा टाढाटाढाबाट भक्तजनहरु आउने गर्दछन् । विशेष गरी भारतको पिथौरागढ देखि सुदूरपश्चिमका विभिन्न जिल्लाका मानिसहरु यस मन्दिरमा आएर पूजा अर्चना गर्ने गर्दछन् । प्राचीन शिलालेख, ताम्रपत्र, प्राचीन मुर्तिहरु, प्रचीन तथा वर्तमानमा चढाएका घन्ट लगायत विभिन्न किसिमका प्रचीन बाँजागाजा तथा देवीका परम्परागत गरगहना र भाँडाकुडाहरु रहेको यो मन्दिर सुदूरपश्चिमकै नभएर नेपालकै एक महत्वपूर्ण मन्दिरको रुपमा रहेको छ । यस मन्दिरमा वली हुने दिनमा यस क्षेत्रका अन्य शीवालयहरु बन्द रहने र मन्दिरहरुमा पूजा लाग्दैन ।

यस मन्दिरको मुख्य व्यक्तिका रुपमा देहिमाण्डौँ बासी चतुरबह्माका सन्ताहरु रहेका छन् । देवीले यस क्षेत्रको न्यायनिशाफका लागि रजबारको पदवी प्रदान गरेको र हाण्णी लौड़ि बाद्दी डोरी सुम्पेकाले बोहराहरुलाई रजबारको रुपमा सम्मान गरिन्छ । देवीको मन्दिरमा पूजाका कर्ममा कालोखाममा बसेर मुख्य कर्ताका रुपमा पूजा गर्ने र देवीको पहिलो टिका रजबारका रुपमा रजबार मुखियालाई लाग्ने गर्दछ । देवीका प्रथम पूजारीका रुपमा जनाबिचार भट्टका सन्तानहरुले पूजा लाउँदै आइरहेको पाइन्छ । त्यसै गरी बोग्गाउ सुतेगाड निवासी भट्ट र अराली निवाशी जोशी गरी चार पूजारीहरुले यस मन्दिरमा पूजा लाउने गर्दछन् । निङ्लाशैनी भगवतीलाई जगत जननीको रुपमा हरेक क्षेत्रका मानिसहरुले पूजा अर्चना गर्ने गर्दछन् ।

यो भव्य र पवित्र धार्मिक स्थलमा टाढाटाढाबाट भक्तजनहरु आउने गर्दछन् । विशेष गरी भारतको पिथौरागढ देखि सुदूरपश्चिमका विभिन्न जिल्लाका मानिसहरु यस मन्दिरमा आएर पूजा अर्चना गर्ने गर्दछन् । चारैतिर पहाड बीचमा सम्म परेको स्थानमा देविको प्राचीन मन्दिर, मन्दिरको दक्षिणपट्टी ठूलो मैदान मन्दिरको अगाडि हिङलोले उक्त ठाउँलाई अझ सुन्दर पारेको छ । मन्दिरमा रहेका प्रचीन, धार्मिक तथा ऐतिहासिक महत्वका थुप्रै चिजवस्तुहरु रहेका छन् । प्राचीन शिलालेख, ताम्रपत्र, प्राचीन मुर्तिहरु, प्रचीन तथा वर्तमानमा चढाएका घन्ट लगायत विभिन्न किसिमका प्रचीन बाँजागाजा तथा देवीका परम्परागत गरगहना र भाँडाकुडाहरु रहेको यो मन्दिर सुदूरपश्चिमकै नभएर नेपालकै एक महत्वपूर्ण मन्दिरको रुपमा रहेको छ । यस्तो प्रचीन महत्व बोकेको निङ्लाशैनी मन्दिर धार्मिक तथा अन्य पर्यटनका लागि एक महत्वपूर्ण गन्तव्य बन्न पुगेको छ । संरक्षण जरुरी छ ।

# नेपालमा बढ्दो विदेशी चलखेल र देशभक्तहरुको परीक्षा

*०८० को जेठमा राष्ट्रियसभाका तत्कालीन अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र रुसी समकक्षीबीच भएको भेटवार्तामा उठेका १४ वटा बिभिन्न परियोजनामा चासोराख्दै रुसले नेपालसँग बिस्तृत परियोजना प्रस्ताव माग गरेको थियो । जसमा बिद्युतीय रेलवे, राजमार्ग, बालबालिका क्यान्सर अस्पताल निर्माणदेखि नेपाली बिद्यार्थीलाई मस्कोमा अध्ययनका लागि छात्रबृत्ति कोटा बढाउनेसम्मका परियोजनाहरु रहेका थिए । तर तत्कालीन सरकारले अमेरिकाको डरले रुसी प्रस्तावलाई बेवास्ता गरेको थियो ।*



डा. केशव देवकोटा

नेपालमा विदेशी चलखेल अत्यधिकरुपमा बढेर गएको देखिएको छ । खासगरी प्रधानमन्त्रि केपी ओलीको भदौ १४-१८ को चीन भ्रमणपछि नेपाल चीन, भारत र अमेरिकाको सुरक्षा छातामा बाँडिएको भन्ने बिवादहरु सिर्जना भएका छन् । यो नेपालका लागि ठूलो खतराको संकेत हो । नेपालका छिमेकी चीन र भारत एकातिर अमेरिकाको पछिल्लो दादागिरी बिरुद्ध संयुक्तरुपमा लडिरहेका छन्भने नेपाल अमेरिकाको साथ सहयोगमा अगाडि बढ्न खोजीरहेको देखिएको छ । नेपालले गत सरकारका पालामा रुस-युक्रेन युद्धमा युक्रेन र इजरायल-हमास युद्धमा इजरायलको समर्थन गरेर आफूलाई अमेरिकाको पक्षमा देखाएको थियो । जुन घटना बर्तमान सरकारका लागि निकै महँगो पर्दैगएको देखिएको छ । यस्तो अवस्थामा नेपालका प्रधानमन्त्रि केपी ओलीले भारतभन्दा पहिले फेरी चीन भ्रमण गर्नुभएको छभने उहाँको भारत भ्रमण फेरी अनिश्चित बनेको छ । प्रधानमन्त्री ओलीले सांघाई सहयोग संगठनको सम्मेलनमा सहभागिता जनाउनु भएपछि बिभिन्न खालका प्रश्नहरुको उठानगर्न लागिएको छ । सांघाई सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसमेत सहभागिता रहेको थियो । त्यसक्रममा नेपालका प्रधानमन्त्री ओलीसँग चिनियाँ राष्ट्रपति सी जीनपिङ र भारतीय प्रधानमन्त्री मोदीले यस क्षेत्रका पछिल्ला विकसित राजनीतिक घटनाक्रमहरुकाबारेमा छलफल गर्नुहुने अपेक्षा गरिएको थियो । तर त्यो हुन सकेन । भदौ एकगते भारतका विदेश सचिव बिक्रम मिश्री नेपाल भ्रमणमा आउनु र प्रम ओलीको भारत भ्रमणलाई अनिश्चित बनाउनुले नै यहाँको भूराजनीतिको चक्र शुरुभएको ठानिएको थियो । त्यतिबेला भारतीय विदेश सचिव मिश्रीले प्रम ओलीलाई भारत भ्रमणको औपचारिक निम्ता दिनुभएपनि मितिभने हालसम्म पनि निश्चित हुनसकेको छैन । झण्डै १३ महिनादेखि नेपालका प्रधानमन्त्रिको भारत भ्रमणको प्रशंग अन्योलमा रहेको अवस्थामा पछिल्ला जेजस्ता गतिबिधिहरु भए/भैरहेका छन्, त्यसले राजनीतिलाई झन जटिल बनाउँदै लगेको ठानिएको छ ।

यसअघि प्रम ओलीले यही भदौ ३१ र असोज एकगते भारतको भ्रमणगर्ने र सो भ्रमण दिल्लीमा नभएर गयामा हुने लगायतका कुराहरु बाहिर आएका थिए । तर हालसम्म पनि नेपाल र भारतका बीचमा के बिषयमा वार्ता हुने र कस्तो सहमति तथा संझौता हुनेभन्ने कुराहरु तय हुनसकेका छैनन् । यसैसन्दर्भमा अर्को बिचारणिय कुरा के छभने भारतले प्रधानमन्त्रि ओलीलाई आफ्नो मुलुकको भ्रमणको निम्ता दिएपनि भेटवार्ताभने नयाँ दिल्लीमा नभई बिहारको गयामागर्ने तयारी गरिएका जुन कुराहरु बाहिर आएका थिए, त्यसले पनि बिभिन्न संसयहरुको सिर्जना गरेको थियो । भारतका प्रधानमन्त्रि मोदी चीन भ्रमणलगत्तै रुसको भ्रमणमा जानुहुने र त्यसपछि चीन, भारत र रुसकाबीचमा त्रिपक्षीय वार्ता हुने संभावना देखापरेको छ । गत केही हप्ता अघि अमेरिकाको अलास्कामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच करिव तीन घण्टा भएको वार्ता खासै सफल हुननसकेका कारण समस्या पेचिलो बनेको थियो । बैठकपछि आयोजित पत्रकार सम्मेलनमा दुबै नेताले केही बिषयमा सहमति भएको बताउनु भएपनि सहमतिका बुँदाहरु सार्बजनिक गरिएका थिएनन् । अलास्कास्थित अमेरिकी सैन्य अड्डामा भएको वार्तामा जमिन अदलीबदलीगर्ने सन्दर्भमा त्रिपक्षीय वार्ता हुनुपर्ने, युक्रेनको सुरक्षा ग्यारेन्टी हुनुपर्ने, नेटोमा संलग्नताबारे रुसले निर्णयगर्न नमिल्ने, युद्धविराम नभए रुसमाथि कडा प्रतिबन्ध लगाउनुपर्ने लगायतका कुराहरुले समस्यालाई थप पेचिलो बनाएको छ । अब रुस, चीन र भारतलगायतका मुलुकहरु एकातिर र अमेरिकालगायतका खासगरी नेटो सम्बद्ध मुलुकहरु अर्कातिर भएको स्पष्ट संकेत देखिएको छ । यसक्रममा नेपाल साँढेको जुधाइमा बाच्छाको मिचाई भनेजस्तो अवस्थामा पर्नसक्ने अवस्था सिर्जना भएको छ । किनकी पछिल्ला दिनमा नेपालले गरेका बिभिन्न निर्णयहरु अत्यन्त बिवादास्पद रहेका छन् ।

नेपालले अमेरिकाको सैन्य रणनीतिमा आधारित एमसीसी परियोजनालाई आत्मसात गरेको छ । एमसीसी परियोजना कार्यान्वयनगर्न अब करिव तीन बर्षमात्र समय बाँकी रहँदा ३.५ वर्षको समय दिएर १८० किलोमिटर लामो प्रसारणलाइन निर्माणसम्बन्धी सम्झौता भएको छ । एमसीए नेपालका कार्यकारी निर्देशकले ४२ महिनाको निर्माण अवधि दिएर ठेक्का लगाइएको भएपनि त्यसअघि नै निर्माणकार्य सम्पन्न हुने ठानिएको बताएर बिवादको सिर्जना गरेको देखिन्छ । अमेरिकी सरकारको ५० करोड डलर र नेपाल सरकारको १९.७ करोड डलर लगानीमा ३१५ किलोमिटर लामो प्रसारणलाइनको निर्माण र ४० किलोमिटरभन्दा बढी सडकखण्डको पुनर्निर्माणगर्ने लक्ष्य एमसीए नेपालले लिएको भनिए पनि त्यो अन्योलको अवस्था छ । रातमाटे-नयाँ दमौली प्रसारणलाइन निर्माण सम्झौता एन्जेलिक-स्किपर संयुक्त उपक्रमसँग र नयाँ दमौली-नयाँ बुटवाल प्रसारण लाइन निर्माण सम्झौता वाइबा-सलासर संयुक्त उपक्रमसँग गत साता बिहीवार गरिएको ठेक्कालाई एमसीएका अधिकारीहरुले महत्वपूर्ण मानेको देखिएको छ । जबकी यसअघिको सहमति अनुसार ठेक्का भारतीय कम्पनिलाई दिनुपर्ने र सो निर्माणका लागि भारतले औपचारिकरुपमा सहमति जनाउनुपर्ने भनिएको थियो । तर हाल भारत र अमेरिकाबीच देखिएको दरारका कारण भारतले सो ठेक्का अगाडि बढाउन सहजै अनुमति दिने संभावना कम रहेको पाइन्छ ।

एमसीसीअन्तर्गत प्रसारणलाइन निर्माणका लागि आवश्यक जग्गामध्ये हालसम्म २० प्रतिशत पनि अधिग्रहण हुनसकेको छैन । गत आबमा मुआब्जाका लागि छुट्याइएको दुई अर्ब ९० करोड रुपैयाँमध्ये दुई अर्ब रुपैयाँ खर्च नभएर फिर्ता भएको भनिएको थियो । अब सो निर्माणका लागि रकम कसरी जुट्छभन्ने पनि अन्योलमै रहेको छ । यसअघिनै एमसीए नेपाललाई बिद्युत प्रसारणलाइन परियोजनाका लागि १,४७१ हेक्टर जमिन आवश्यक रहेको बताइएको थियो । त्यसबाहेक नुवाकोटको रातमाटेस्थित सबस्टेशनका लागि करिब २० हेक्टर र ८५० वटाभन्दा बढी प्रसारणलाइन र टावर बनाउन थप १०४ हेक्टर जमिन आवश्यक रहेको भनिएको थियो । एमसीसीअन्तर्गतको प्रसारणलाइन ३० नगरपालिका र १० जिल्लाको भूमिमा बन्ने योजना छ । बिद्युत प्रसारण लाइन निर्माणगर्न २१ अर्ब ६३ करोड (१५.४५ करोड अमेरिकी डलर) लगानीगर्ने सम्बन्धमा पनि गत केही साता अघि सम्झौतापत्रमा हस्ताक्षर भएको भनिएको थियो । तर सो रकम कुन श्रोतबाट जुटाइँदैछ भन्ने हालसम्म खुलेको छैन । एमसीसीलाई अनुदानमा आधारित परियोजना भन्ने गरिएपनि नेपालले बिभिन्न देश र संस्थाबाट लिएको ऋणबाट हालसम्म ३० अर्बभन्दा बढी रकम खर्च गरिसकेको छ । तर अमेरिकाले आयोजना सम्पन्न भएपछिमात्र आफूले कबुलेको रकम दिने भनेकाले सो रकम आउने संभावना न्युन छ । कतिसम्म भने बर्तमान सरकारले एमसीसी कम्प्याक्ट कार्यक्रमअन्तर्गत कामगर्ने कम्पनीलाई आयकरमा छुट दिने निर्णयसमेत गरेको छ । जबकी नेपालका कतिपय गौरवपूर्ण आयोजनाहरु रकमको अभावमा अलपत्र परेका छन् । त्यस्ता आयोजनालाई समेत कुनै छुटको व्यवस्था गरिएको छैन । मन्त्रिपरिषद्को बैठकलेनै एमसीसी र नेपाल सरकारबीच भएको सम्झौताअनुसार कम्पनीको आयकरमा छुट दिने निर्णय गरेको थियो । त्यसक्रममा सरकारले अत्यावश्यक सेवा क्षेत्रमा कुनै पनि प्रकारको बन्द, हड्ताल वा सेवामा अवरोध निषेधगर्ने निर्णय गरेकाले एमसीसी परियोजनाको कार्यान्वयनका क्रममा धेरै बिरोधको सामना गर्नुपर्ने आंकलन पनि गरिएको देखिएको छ । जबकी सन् २०१७ मै चीनसँग संझौता भएको विकास रणनीतिमा आधारित बिआरआई परियोजनाको कार्यान्वयनमा हालसम्म आलटालको नीति अख्तियार गरिएको छ । नेपाल र चीनबीच भएको सन् २०१७ मा हस्ताक्षर गरेको 'बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई)' समझदारीपत्र समेत हालसम्म गोप्य राखिएको छ। यसबीचमा नेपालमा तीन ठूला दल कांग्रेस, एमाले र माओवादी केन्द्रको नेतृत्वमा पटक, पटक सरकार बने, तर उक्त समझदारीपत्रका विषयवस्तुसमेत सार्वजनिक गरिएन । त्यसैगरी रुसी सहयोग र सहकार्यमा निर्माण तथा सञ्चालन हुनसक्ने बिभिन्न १४ वटा परियोजनाका लागि नेपाल सरकारसँग बिस्तृत परियोजना प्रस्ताव मागेको झण्डै दुईबर्ष बित्दा पनि नेपालले चासो राखेको छैन ।

०८० को जेठमा राष्ट्रियसभाका तत्कालीन अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र रुसी समकक्षीबीच भएको भेटवार्तामा उठेका १४ वटा बिभिन्न परियोजनामा चासोराख्दै रुसले नेपालसँग बिस्तृत परियोजना प्रस्ताव माग गरेको थियो । जसमा बिद्युतीय रेलवे, राजमार्ग, बालबालिका क्यान्सर अस्पताल निर्माणदेखि नेपाली बिद्यार्थीलाई मस्कोमा अध्ययनका लागि छात्रबृत्ति कोटा बढाउनेसम्मका परियोजनाहरु रहेका थिए । तर नेपालको तत्कालीन सरकारले अमेरिका रिसाउने डरले रुसी प्रस्तावलाई बेवास्ता गरेको थियो । जसका बारेमा प्रम ओलीको चीन भ्रमणका क्रममा रुसी राष्ट्रपति पुटिनसँग समेत छलफल भएको देखिएको छ । तर त्यसबारे नेपालले हालसम्म सो प्रस्तावबारे थाहा नपाएजस्तो गरेको छ । अब यदि चीन, भारत र रुसको नयाँ गठबन्धन भयो भने नेपालबाट अमेरिका पछाडि हट्नुपर्ने अवस्था आउँछ । त्यस्तो अवस्थामा नेपालमा एमसीसी परियोजनाको बहानामा पश्चिमाहरुलाई प्रवेश गराएर चीन र भारतलाई दुखदिने नेपालका शासकहरुको पनि १२ बज्ने अवस्था हुनेछ । प्रम ओलीको यस पटकको चीन भ्रमणपछि नेपालको सत्ता राजनीतिमै हेरफेरको संकेत देखिएको छ । जुन चासोको बिषय हो ।

# नेपाल र नेपालीको अस्तित्व बचाउने प्रश्न



**– सरोज अर्याल**

नेपालको राष्ट्रियता, मौलिकता र भूराजनीतिक संवेदनशीलता वास्तवमै यसरी खतरामा पर्न सक्ने कुरा अस्वीकार गर्न सकिँदैन । नेपाल केवल भूभागको कारण मात्र अस्तित्वमा छैन, यसको आत्मा भनेकै भाषा, धर्म, संस्कृति, इतिहास, परम्परा र पहिचान हो । यदि ती पक्ष कमजोर भए भने भौगोलिक सीमा सुरक्षित रहे पनि राष्ट्रको आत्मा हराउँछ ।

नेपालको वर्तमान अवस्थालाई बुझ्न केही प्रमुख बुँदाहरूमा दृष्टि पुर्याउन अति आवश्यक देखिन्छ:

१. भूराजनीतिक वास्तविकता

- भारत र चीनबीचको रणनीतिक buffer state भएको कारण नेपालमा बाह्य शक्ति सधैं प्रभाव जमाउन खोज्छन् ।
- नेपाल कमजोर भए मात्र तिनलाई सहज हुन्छ, त्यसैले विभाजनकारी एजेण्डा प्रोत्साहन गर्ने रणनीति चलाइन्छ । सचेतता जरुरी छ ।

२. आन्तरिक चुनौती

- जातीय, भाषिक, धार्मिक, क्षेत्रीय विभाजनलाई राजनीति गर्ने नेताहरूले प्रयोग गरिरहेका छन् ।
- विदेशमा रोजगारीको बाध्यताले युवाशक्ति राष्ट्रनिर्माणको सट्टा पलायन हुनुपरेको छ ।
- धर्म-संस्कृति र इतिहासलाई आधुनिकताको नाममा उपेक्षा गर्ने प्रवृत्ति बढेको छ ।

३. सांस्कृतिक-भाषिक संकट

- नेपाली भाषा र परम्परागत भेषभूषामा युवापुस्ताको आकर्षण घट्दै गएको छ ।
- मिडिया, शिक्षा र डिजिटल माध्यमबाट विदेशी संस्कृतिको प्रभाव तीव्र रुपमा बढाइएको छ ।
- धर्मनिरपेक्षताको गलत व्याख्याले नेपालीहरुको आस्था र परम्परामा विभाजन ल्याएको छ ।

४. समाधानका दिशा

- शिक्षा-चेतना: विद्यालयदेखि नै भाषा, इतिहास, संस्कृति र परम्पराको गहिरो अध्ययन अनिवार्य बनाउनुपर्छ ।
- सांस्कृतिक राष्ट्रवाद: आधुनिकताको साथसाथै मौलिकता जोगाउने अभ्यास (नेपाली पोशाकलाई पुन: लोकप्रिय बनाउन सकिने) ।
- राजनीतिक स्थायित्व: विभाजनकारी एजेण्डा भन्दा 'एकीकृत नेपाली पहिचान'लाई आधार बनाउने नीतिगत निर्णय ।
- भूराजनीतिक सन्तुलन: भारत-चीनबीच असन्तुलन नगरी समान दूरीमा असंलग्नतामा रहँदै राष्ट्रिय हित सुरक्षित गर्ने कूटनीति ।
- आर्थिक आत्मनिर्भरता: युवालाई स्वदेशमै रोजगारी दिने उद्योग-कृषि-पर्यटन आधारित विकास ।

नेपालको अस्तित्व केवल कागजमा भएको संविधान वा सीमारेखा मात्र होइन—आफ्नोपनको संरक्षण हो । यदि हामीले चेतना नजागाउने हो भने भू-राजनीतिले नेपाल कमजोर हुँदै जानेछ ।

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

## साहित्य

### कविता

**प्रतिक्षा**



**- ज्योति किरण**

आँखाको झ्यालखाना भित्र
बन्दी,
एउटा कोरा सपना,
उन्मुक्त उडानको जहाज फर्किरहेछ ।

हावामा कापिरहेका झ्यालका पर्दाहरु जस्तै
चञ्चल यी परेलाहरूको बीचबाट ,
कम्पित दृश्यले हेर्नु
र,
सम्झनुभन्दा पर,
सम्भावनाको ढोका नखुले पनि,
उड्ने रहर जीवित छ छातीभित्र।
हातबाट खेलौना खोसिएको बालक जस्तो
अबोध,
चित्कारको स्वर उराल्ने,
नरम ओठहरू,
करूणाको बेग खसाल्ने आँखाहरु
र
कोमल हृदयको एउटा पूर्ण भविष्य
विक्षिप्त ढालेको छ काँडाघारीमा।
आशा छ
कोही त पक्कै आइपुग्ला एकदिन,
यो काँडाघारीमा,
उषाकालीन जीवनको सूर्य बोक्ने,
शुभ मुहुर्त लिएर ।

### मिल्दैन !



**इन्द्रकुमार श्रेष्ठ**

सङ्ख्या घटाउनै मिल्दैन
सुविधा कटाउनै मिल्दैन
भीडमाडमा रमाउने कार्यकर्ता
काममा खटाउनै मिल्दैन ।
खुङ्खार भए पनि मान्यवर !
पदबाहिर पठाउनै मिल्दैन ।
जति होस् अपराध माफी छ
कुट्न ठटाउनै मिल्दैन ।
खुसी पार्नु छ कसै गरी
धुलो चटाउनै मिल्दैन ।
उपलब्धि संस्कार बनेको छ
भ्रष्टाचार हटाउनै मिल्दैन ।



एक दिन के थाहा झरेर जानुपर्छ
आँखिर भोलि के सँगै मरेर लानुपर्छ
किन दुखाउँछौ चित्त हेर वेकारमा ?
भागमा जे छ मेटिन्न त्यो गरेर जानुपर्छ ।

**- डा.उत्तम खनाल**



खोइ आफूखुशी मर्नु पहिले भोगाईहरू जाग्दोरेछ
धर्मको खोलमा निसासिएर मर्न मन लाग्दोरेछ
दुःखकष्ट खेप्नु खेपियो, सत्य खेप्न सकिएन
चुनौतिका पहाड बोक्दा मनले न्याय माग्दोरेछ

**- उषा केसी**



यस्पाली पनि फूल फुल्यो आउनु है पर्देशी
सप्तरङ्गी मखमली सयपत्री लाउनु है पर्देशी
पर्खेर बसेकी छु हातमा थाली लिएर
चेली र माइतीको खुसी छाउनु है पर्देशी ।

**- सविना श्रेष्ठ**



टोपी राष्ट्रको शान हो, यो नेपाली स्वाभिमान हो
हजार तारका सुरमा बन्ने, यो अपार राष्ट्रगान हो
उचो छ हेमगिरी झैं, आभा छ झन् संसारमा
चाहे हामी आफैं हराउँ, यो नेपाली पहिचान हो ।

**- अमृत भट्टराई**



तनाव लिन्छौं गर्भैदेखि दिनरातको किन
जन्मेपछि छोरा र छोरी पक्षपातको किन
समान व्यवहार छैन कहीं, कतै पनि हजुर
बनाएर नारी फेरि थरै नहुने जातको किन ?

**- माया उपाध्याय**

# अग्रज प्राध्यापकहरुलाई जेष्ठ प्राध्यापक समाजको सम्मान



काठमाडौं । अग्रज प्राध्यापकहरुलाइृ जेष्ठ प्राध्यापक समाजले सम्मान गरेको छ । जेष्ठ प्राध्यापकहरूको हक हितका लागि २०६६ सालमा स्थापित यो संस्था जेष्ठ प्राध्यापक समाजले चाडपर्व विशेष कार्यक्रमको आयोजना गर्दै नेपालको विभिन्न माध्यमबाट शैक्षिक विकासमा योगदान पुऱ्याउने सात अग्रज व्यक्तित्वलाई सम्मानित गरेको छ ।

शुक्रबार आयोजित शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रममा समाजले कानुन विषयको शैक्षिक उन्नयनमा समर्पित अग्रज व्यक्तित्व वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलाई सम्मानित गरेको छ ।

समाजले त्यसैगरी शैक्षिक क्षेत्रमा विशेष योगदान पुऱ्याउने प्रा.डा. बज्रराज शाक्य, प्रा. शिवमान जोशी, प्रा.डा. सर्वज्ञभक्त मल्ल तथा प्रा. कोमलबदन मल्ल, प्रा. नुतनबहादुर थपलिया र प्रा. प्रेमलता तुलाधरलाई सम्मानित गरेको छ। स्वास्थ्यका कारण उपस्थित हुन असमर्थ प्रा. थपलिया र प्रा. तुलाधरलाई घरमै गएर सम्मानपत्र प्रदान गर्ने समाजले जानकारी गराएको छ ।

कार्यक्रममा समाजका अध्यक्ष डा. विमलकुमार शर्माले समाजले गर्दै आएका कामहरूबारे जानकारी गराउँदै ९० वर्षको उमेर पार गरिसकेका अग्रज व्यक्तित्वहरूको सम्मान गर्न पाउँदा समाज आफैं सम्मानित भएको अनुभूति भएको बताए । उनले अग्रजहरूबाट प्राप्त सुझाव र सल्लाहअनुसार समाजलाई अझै अगाडि बढाउने उल्लेख गरे ।

वरिष्ठ अधिवक्ता भण्डारीले हरेकलाई शिक्षित बनाउनु पर्नेमा जोड दिँदै आज पनि आफूले वकिलहरूलाई सिकाइरहेको बताए । उनले शैक्षिक उन्नयनमा लाग्न सबैलाई प्रेरित गरे ।

उक्तअवसरमा सम्मानित प्राध्यापकहरूले यस किसिमको सम्मानले यो उमेरमा पनि उर्जा मिलेको उल्लेख गरे ।

समाजका महासचिव प्रा.डा. सिद्धिप्रसाद कोइरालाले संस्थागत गतिविधिको चर्चा गरे ।


उक्तअवसरमा प्रा. महेन्द्र सिंह, डा. वीजेन्द्रध्वज जोशी, सपना जोशी, दीनदयाल रेग्मी, तिमिला यमी, नारायण जोशी, किशोर गौतमलगायतका प्राध्यापकहरूले शुभकामना दिँदै समाजको कामको प्रशंसा गरे ।

# पर्जन्य मास नियात्रा



**अरूणबहादुर खत्री**

पर्जन्य मास नामक नियात्रासङ्ग्रह साहित्यकार नियात्राकार खगेन्द्र गिरि 'कोपिला' को २०८१ सालमा प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र बिर्सेर आफ्नै मन, गौरीशङ्करको छाया, धितो राखेर सम्झना, ओढेर सेतो बर्को लगायत विभिन्न शीर्षकका २२ वटा नियात्राहरु रहेका छन् । बिर्सेर आफ्नै मन शीर्षकको पहिलो नियात्रामा कोहलपुरको चोकबाट पश्चिम मोहिनेबित्तिकै किरणनालाको देब्रेपट्टि सेन्ट्रल प्लाजा भन्ने ठुलो होटलका आकर्षक भवनले कोपिलाको आँखा तानेको छ ।




कैलाश, मानसरोवर, रारा र फोक्सुण्डो जाने यात्रुलाई प्राथमिकतामा राखेर यस्ता धेरै होटल खुल्दैछन् यतातिर अचेल भनेर लेखिएको छ ।

गौरीशङ्करको छाया शीर्षकको नियात्रामा साँगामा उभिएका महादेव मुसुमुसु हाँसिरहनुभएको छ आफ्नै पछिल्तिरको पाखोबाट घामका किरण फ्याँकेर । पश्चिम फर्केर उभिएका महादेवका बडेमानको मूर्ति पछिल्तिरबाट नै सूर्य उदाएजस्तो देखिँदो रहेछ बिहानी पख त । लाग्यो भगवान् महादेवकै शरीरबाट निस्किएको ज्योति हो यो घाम । तिनै महादेवको आँखाबाट हेर्न पाएको भए कस्तो देखिँदो हो भक्तपुरको खाल्डो भनेर कोपिलाले लेखेका छन् ।

नियात्राकार कोपिलाले धितो राखेर सम्झना शीर्षकको नियात्रामा हरिसरसँगको पहिलो यात्रा हो यो मेरो । लमहीमा गुरुप्रसाद बुलबुल पनि थपिएपछि तीन जना भयौं । बाटो भने उही छ । नेपालगन्जदेखि बुटवलसम्म अनेक पटक दगुर्दै गएको, आएको उही चिरपरिचित महेन्द्र राजमार्ग भनेका छन् ।

यात्रा साहित्य विश्व साहित्यमै लोकप्रिय विधाको रुपमा मानिन थालिएको छ । सभ्यता र संस्कृति जीवन र जगत्को अनुभव र अनुभूतिका कारण नियात्राका पाठक बढेर असाहित्यिक वर्गमा पनि प्रभावकारी बन्दै गएको छ । यही कारण अन्य विधामा हात हालेका स्थापित लेखकहरु पनि यस विधाप्रति आकर्षित भइरहेका छन् ।

यस सङ्ग्रहको नामसँग जुध्दो पर्जन्य मास शीर्षकभित्र २०५२ सालतिरको कुरा हो । एकदिन म साइकलमा नेपालगन्जबाट लक्ष्मीराजपुर जाँदै थिए । डुडुवा खोला तर्नै लाग्दा डुडुवाको ढिकमा मानिसको हुल देखियो । कतै खोलामा मानिसको शव भेटियो कि भन्ने कोपिलाले सोचे । पर्खाइमा भग्वावशेष शीर्षकको नियात्रामा विहान अँध्यारैमा मैले जेबीराजालाई र गुरुप्रसाद बुलबुलले ललितभाइलाई एघार किलोमिटर पर महेन्द्र राजमार्गको लिक्मा चोकमा पुऱ्याएर फर्कियौ । हामी नुक्लिपुर फर्किदासम्म पनि उहाँ गफ गर्दै गन्थनमन्थनहरु टिपिरहनुभएको थियो भनेर यस कृतिका नियात्राकार कोपिलाले लेखेका छन् । आँखाले पढेको हृदयभन्दा मनले भेटेको शब्द बढी प्रभावकारी हुन्छ यात्रामा । प्रस्तुत नियात्राकृति स्रष्टाले देखेको भोगेको यथार्थ पनि हो । प्रस्तुत कृतिमा स्रष्टा कोपिलाले आफूले देखेको, भोगेको र अनुभूति गरेको यथास्थितिलाई प्रस्तुत गरेका छन् । साथै यस सङ्ग्रहभित्रका नियात्राहरुमा जीवनबोध, जीवनको मौलिक परिभाषा र जीवनको कटु सत्यसँग आत्मसात पाइन्छ ।

उड्दाउड्दै बादलमाथि शीर्षकको नियात्रामा बिगतका वर्षहरु जस्तै भएर आयो २०७९ सालको जाडो पनि । मध्यपुसमा एकाएक बिग्रेको यस्तो प्रतिकूल मौसममा मैले यात्रामा नगइदिए हुन्थ्यो भन्ने भाव बोलिरहेका छन्, बुनुका आँखाले । उनका ओठ भने चुपचाप छन् । उनले बोल्न नसक्नुको अर्थ मैले जति भने पनि यो गइहाल्छ भनेर नै होला कदाचित् भनेर कोपिलाले लेखेका छन् ।

बर्दीबिनाका प्रहरी शीर्षकको नियात्रामा सूर्य नउदाएको दिन उसै पनि अँध्यारै हुन्छ । चिसो मौसमको निष्ठुर प्रहारले कम्पन छुटिरहेको छ जिउभरि । सुरमीनालालाई नालाभन्दा पनि चौबाटो भन्न सुहाउँछ । सुरमीनालाको पुलैनिर उत्तरतिरको बड्कामुडा भन्ने गाउँबाट आउने छेमानन्द महतोमार्ग हुलाकी सडकसँग मिसिन्छ भनिएको छ । इन्द्रगिरिका दुधेश्वर महादेव शीर्षकको नियात्रामा पहाड देख्न भने अझैंसम्म पाएका छैनन् हाम्रा आँखाले । पहाडै नदेखिएपछि अग्लो पहाडमाथिको मन्दिर कहाँ देखिनु ? कतिखेर पुग्नु ? लामो सास तान्दै भन्नुहुन्छ बैसाजु खड्गबहादुर बोहरा ।

आजको समयमा यात्रा बृत्तान्तका लेखहरु निकै देखिन थालेका छन् कतै निबन्धको रुपमा भेटिन्छन् भने कतै घुमन्ते कथाको रुपमा । पाठक आफूले नटेकेको ठाउँ, आफ्नो आँखाले नदेखेको दृष्य लेखकको वर्णनवाट त्यहाँ पुग्न सक्ने र देख्न सक्ने रहेछ । सबैले सबै ठाउँ घुम्ने र देख्ने कुरा पनि सम्भव हुँदैन । त्यसैले यात्रा वृत्तान्त पढ्दा आफैं त्यो ठाउँ पुगेजस्तो लाग्नु स्वाभाविकै हो । यात्राले पाठकलाई त्यहि पुऱ्याउन सकिने गर्भिलो भावना उमार्दो रहेछ । नेपाली साहित्यको निबन्ध विधामा पर्ने यो यात्रा वृत्तान्त सबै पाठकले पढ्नै पर्छ । यसमा नियात्राकार कोपिलाको आफ्नै अनुभूति स्वाद छ उनको निजी भावना जताततै छरिएको छ । लेखनशैली स्वतन्त्र छ । उनका यात्राहरु रोचक र रसिला छन् । यात्राहरु पेचिला र पुष्टकारी प्रतीत छन् । अन्त्यमा समग्र रुपमा भन्नुपर्दा यस कृतिले नेपाली साहित्यमा महनीय स्थान लिएको छ । यस्तै अन्य कृतिहरु पढ्न पाइरहने अपेक्षा गर्दछु । अन्त्यमा उनका अन्य राम्रा राम्रा नियात्रासङ्ग्रह थपिदै जाओस् भन्न चाहन्छु ।

लेखक: खगेन्द्र गिरि 'कोपिला'    विधा: नियात्रा
प्रकाशन: २०८१ फागुन    प्रकाशक: सर्वदा साहित्य सङ्गम, नेपालगन्ज
मूल्य: ने.रु.४०१।-  पृष्ठ: २५६






**सत्यतथ्य र ताजा समाचारका लागि**

www.sandhyakalin.com पढौं र लेख, रचना, समाचार र बिज्ञापन पठाएर सहयोग गरौं ।




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# सामाजिक सञ्जाल बन्द गरेर यो के गरेको सरकार ?

सरकारले फेसबुक, मेसेन्जरलगायतका २६ सामाजिक सञ्जाल बन्द गराएर ठूलै काम गरेको भन्ठानेको छ । कांग्रेस एमालेका लागि यो निर्णय आत्मघाती हुनसक्ने देखिदैछ । सर्वोच्च अदालतले कानुन बनाएर नियमन गर्न आदेश दिएकोमा सरकारले निर्देशिकामार्फत दर्ता हुन नआए बन्द गरिने सूचना दियो, म्यान सकिनासाथ बन्द गरिदियो । फर्मानले चल्ने शासन भनेको संविधानविरोधी र निरंकूश शासन हुन्छ । निरंकूश शासनले अन्ततः व्यक्ति, समाज, देशलाई नै सकस हुन्छ । सामाजिक सञ्जाल बन्द गरेर सरकारले घरघरमा सकस बढाइदिएको छ । नीति र नियत सफ देखिएन ।

पक्कै पनि सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित बनाउनु पर्छ, नियमन हुनुपर्छ । अदालतको आदेशअनुसार पनि सरकारले चलिरहेको संसदमा विधेयकलाई असरल्ल छाडेर निर्देशिका जारी गर्नु हुनेथिएन । विधेयक पास गरेर कानुनअनुसार अघि बढेको भए राम्रो हुनेथियो । हरेक देशमा कानुनको प्रावधानअनुसार सामाजिक सञ्जाल चलेका छन् । नेपालमा कानुन बनाउन किन गाह्रो मानेर सरकारले हतार गरेको हो ? यो बुझ्न नसकिने विषय बनेको छ । आमनागरिकलाई आक्रोसित बनाएको छ ।

सामाजिक सञ्जाल भनेको मानव अंगजस्तै भइसकेको छ । झण्डै ८० लाखभन्दा बढी नागरिक विदेशमा छन् । तिनका परिवारजन स्वदेशमा छन् । बालबालिका, बुढाबुढीले आफ्ना नातेदारसँग कुरा गर्ने साधन नै सामाजिक सञ्जाल हो । कतिपयको आयआर्जनको काम पनि हो सामाजिक सञ्जाल । सामाजिक सञ्जाल सूचना हो, व्यापार हो, सबैथोक हो । सत्तारुढ दल एमालेकै सांसद गोकुल बास्कोटाले कटाक्ष गरेका छन्- गठबन्धन सरकारले लोकतान्त्रिक देशलाई उत्तरकोरिया बनाउने तैयारी थालेछ । कांग्रेस, अन्य दलहरु पनि असन्तुष्ट छन् । प्रतिपक्षीले त धुवाँधार बिरोध जनाइरहेका सुनिन्छन् । अर्थात्, कुनै दलहरु नै खुशी छैनन् । फेरि किन सरकारले अदालतको आदेशको अनर्थपूर्ण अर्थ लगाएर यस्तो निर्णय लियो ?

प्रजातन्त्रको बिडा उठाएको कांग्रेस, विधिमा चल्छु भन्ने एमालेजस्ता ठूला पार्टीको गठबन्धन आफैमा बिचित्र हो । त्यसमाथि यी दुई पार्टीले भ्रष्टाचार काण्डहरुलाई ढाकछोप गर्ने र आफन्तलाई बचाएर प्रतिपक्षीलाई फसाउने, दुःख दिने अनेक कार्य गरिरहेका छन् । राजनीति दिनदिनै रोचक र घोचक बन्दै गएको छ । शीर्ष नेता शेरबहादुर देउवा र प्रम तथा एमाले नेता ओलीका कारण पार्टीभित्र, अन्तरपार्टी र देशको राजनीति झन झन द्वन्द्वमय बन्दै गएको छ । सहमति, सहकार्य र संवाद भन्ने विषय स्यालको सिङ् हराएजस्तो छ । विधियुक्त शासनका नाममा संविधान प्रदत्त नागरिक स्वतन्त्रतामाथि प्रहार बढ्न थालेको छ । नेताको अक्षमताका कारण न्यायको अनुभूति हराउनु भनेको लोकतन्त्रको असफलता हो ।

सामाजिक सञ्जालमा सत्तासीनहरुको बिरोध भयो भन्दैमा सामाजिक सञ्जालमाथि प्रतिवन्ध लगाउनु गलत हो । मानवाधिकार आयोगदेखि पार्टीहरुले समेत बिराध गरिरहेका छन् । सामाजिक सञ्जाललाई सरकारले कुरा बुझाओस्, दर्ता पनि गराओस् । तर नागरिकको जीवनसँग जोडिएको विषयलाई प्रतिवन्ध नै लगाउनाले सामाजिक सम्बन्ध र जीवनमा ठूलो नकारात्मक असर परिसकेको छ । यो विषयमा सरकारले गम्भीरतापूर्वक सोचेर निर्णयमा पुनर्विचार गर्न जरुरी छ ।

# लोकतन्त्रका इम्पररहरु नाङ्गै हिड्न थाले




***प्रजातन्त्र जनताद्वारा, जनताका लागि, जनताले गर्ने शासन हो । प्रजातन्त्रका प्रवर्तक अब्राहम लिंकनले भनेका गएका थिए- कुशल शासक भविष्यको चिन्ता गर्छन्, राजनीतिज्ञ आगामी चुनावको मात्र चिन्ता गर्छन् ।***

संविधानले नागरिक स्वतन्त्रताको प्रत्याभूति दिएको छ । तर सरकारले यो विषयमा ध्यानै नदिएर सर्वोच्चले कानुन निर्माण गरेर समाजिक सञ्जाल नियमन गर्न दिएको परमादेशलाई आधार बनाएर सरकारले सामाजिक सञ्जाल दर्ता हुन आएनन् भनेर प्रतिवन्ध लगाउने फर्मान जारी गऱ्यो । समाजिक सञ्जाल बन्द भए । फेसबुक, मेसेन्जरलगायतका २६ समाजिक सञ्जाल बन्द हुँदा दैनिक जीवनसँग जोडिएको कारण सञ्जाल बन्द हुँदा संसार, सम्बन्ध अँध्यारो कोठाजस्ता बन्न पुगेको छ ।

जनजीवनमा सरकारले पुऱ्याएको साह्रै घातक निर्णय पनि हो । सामाजिक सञ्जाल सञ्चालकहरुले तत्काल सरकारसँग सम्पर्क गरेर दर्ता हुने प्रकृयामा जानुपर्छ, सरकारले पनि तत्काल सामाजिक सञ्जाल खोलेर संविधान प्रदत्त अधिकारको संरक्षण गर्नुपर्छ । लोकतन्त्रमा सरकार अन्यायी हुनसक्दैन, अँध्यारोमा जनलाई राख्न पाइदैन ।

र, सर्वोच्च अदालतले कानुन बनाएर नियमन गर्न दिएको आदेशअनुसार तत्काल संसदमा असरल्ल परेको विधेयकलाई पास गरेर कानुन बनाउनुपर्छ, कानुनअनुसार सामाजिक सञ्जालको दुरुपयोगलाई रोक्नुपर्छ ।

सरकार इम्परर न्यूक्लोथजस्तो नाङ्गै हिड्न सक्दैन । सरकार नाङ्गै देखेकाले व्यक्ति, संस्था, पार्टी, जनप्रतिनिधि, मानवाधिकार आयोग सबैले सरकारको आलोचना गरेका हुन् । यो आलोचनालाई सुझावको रुपमा सरकारले ग्रहण गर्न जरुरी छ ।

सामाजिक सञ्जाल बन्द गरेर सरकार नागा होइन नाङ्गो भएको हो ।

नागा र नाङ्गाको विषयमा सर्वोच्च अदालतले नजीर स्थापित गरेको छ, नागाबाबा भनेको अस्लिलता होइन, यो धार्मिक परम्परा हो । शिवरात्रि अथवा अन्य धार्मिक पर्व पर्वमा भारतबाट नागा बाबा आउँछन् र हिन्दु महिलाहरु नागाबाबाको लिङ्गमा ढोक्ने, टिका लगाउने गर्छन् । यो अस्लिलता भयो भनेर परेको मुद्दामा अदालतको आदेश आयो, यो अस्लिलता होइन ।

नाङ्गो हुनु अस्लिलता हो कि होइन । नेपालका शासकहरु नाङ्गो चरित्रका छन् । कुनै दिन पढिएको थियो, इम्परर न्यूक्लथ । अर्थात्, सम्राटले नयाँ नयाँ लुगा लगाउँदा उनका अनुचर, सहयोगीहरुले आधुनिक बस्त्र भनेर सम्राटलाई नाङ्गै बजार घुमाइदिए । डरका कारण सबैले सम्राटको जय जयकार गरे । कति राम्रो लुगा भनेर नाङ्गा सम्राटको प्रशंसा गरे तर एउटा बालकले प्याक्क भनिदियो, सम्राट न नाङ्गै छन्, लाज पनि नलागेको ?

नेपालको राजनीतिक परिदृश्य ठ्याक्कै यस्तै छ । शासक, प्रशासकहरु नाङ्गै छन् । उनीहरु यही नाङ्गोपनलाई लोकतान्त्रिक गणतन्त्र भनिरहेका छन् । यी नाङ्गा शासक, प्रशासकका अनुचरहरु नेतृत्वको नग्नतालाई जयजयकार गरेर चाकरी गरिरहेका छन् । चाकरहरुले विवेक गुमाएका छन् । विवेक गुमाउनु र चरित्रहीन हुनु भनेको राजनीतिक अस्लिलता हो । राजनीतिक नेताहरुले नागा हुँ भनेर नाङ्गोपनलाई ढाकछोप गरिरहेका छन्, यो राजनीतिक अपराध हो । नेता र प्रशासकहरु नागा होइनन्, धार्मिक परम्परा पनि होइन, राजनीतिले चरित्र गुमाएको अवस्था हो ।

अब नागरिकले बालकको जस्तो सत्य बोल्नैपर्छ । सत्य नबोल्ने हो भने घर, समाज, देश सबै नाङ्गै बनाइदिनेछन् यी चरित्रहीनहरुले । यी दूरगामी छैनन्, यिनीहरु त स्वार्थ सिद्ध गरिरहेका छन् । यिनले देश बिगारेर आफू नाङ्गा सम्राट बनिरहेका छन् । राष्ट्र संकटमाथि संकटग्रस्त हुँदैछ, यिनलाई आफ्नो, दलको, परिवारको, अनुचरहरुको फाइदाको मात्र चिन्ता छ । फाइदाका लागि यी नाङ्गा सम्राटहरु भ्रम छरिरहेका छन् ।

यिनले आकाश पाताल जोड्ने सपना देखाएकै हुन् । कुनै पनि सपना पूरा गर्न सकेनन् । जनता र देशप्रति यिनले जवाफदेहीता पूरा गरेनन् । देश अभिभावकविहीन जंगलजस्तो बनेको छ । देशमा विधिको कम, राजनीतिक दबाब र प्रभावको बाहुबली शासन बढी छ ।

लोकतान्त्रिक स्याल हुइया र राष्ट्रियताको खोक्रो नारा यिनको स्वार्थ सिद्ध गर्ने औजार बनेको छ । यसकारण पनि यो पद्धतिप्रति बितृष्णा र नेतृत्वप्रति घृणाभाव बढेको छ । समानताको गुड्डी हाँक्नेहरु 'सर्वाङ्ग नाङ्गा' चरित्रहीन सावित भइसकेका छन् ।

लौन नागरिकहरु उठ्नुपऱ्यो र विवेकको बिर्को खोलेर भन्नुपऱ्यो- लोकतन्त्रे शासक प्रशासकहरु नाङ्गै छन् । चरित्रहीन छन् ।

समाज व्यवस्थालाई नाङ्गाहरुले लथालिङ्ग पारिसके । यिनीहरु आफूलाई लोकतन्त्रका मसिहा सम्झिन्छन् र त्यही अनुसार भाषण गर्छन् । अब भाषणले गनाउने गणतन्त्रको दुर्गन्ध छोपिने अवस्था सकिसकेको छ । यिनले कतिदिन राजतन्त्रको सत्तोसराप गरेर शासन गर्नसक्लान् ? नागरिकहरुले सोच्न थालिसकेका छन् । सडकमा विद्रोहको झिल्का उठिसकेको छ । झिल्का सल्किन लामो समय लाग्नेछैन, यो पद्धतिमा डढेलो सल्क्यो भने यी नाङ्गा शासकहरुले भाग्ने अवसर पनि पाउने छैनन् ।

काण्ड पनि कति कति ? जहाज खरिद होस् कि सरकारी जग्गा, यिनकै खान्की बन्यो । भिजिट भिसा होस् कि भुटानी शरणार्थी बनाएर नागरिक बेचेको हो, गिरिबन्धुदेखि सुनकाण्डसम्मका अनेक प्रकरण छन् । भ्रष्टाचारका सयौं काण्ड छन्, छानबिन नै हुँदैन । बिरोधीलाई कानुनको नाममा जेलमा सडाउने, झमेलामा पार्ने र भ्रष्टाचारमा आहाल बस्ने यी नाङ्गा नेताहरुको दिनचर्या बिनसकेको छ ।

शासक प्रशासकको नाङ्गो चरित्रका कारण, स्वार्थमा चुर्लुम्मै डुब्ने व्यवहारका कारण राष्ट्रको भूमि गुमेको छ, स्वाधीनता खुम्चिदै जाँदो छ । विदेशीले दण्डहीन, मानव बेचबिखन गर्ने देश भनेर आरोप लगाइसकेका छन् । विश्वसनीयता पग्लदै गएको छ । भारतले यति हेपिसकेको छ कि भारतको नक्सामा नेपालका कालापानी, लिपुलेक र लिम्पियाधुरालाई सामेल गरिसक्यो । संसद छ, बहससम्म हुँदैन । यतिसम्मका लज्जाहीन नाङ्गाहरुले चलाएको पद्धति हो यो ।

विश्वका केही राष्ट्रमा, कुनै दिन समाजवाद कि मृत्यु ? भन्ने प्रश्न उठेको थियो । बाँच्नका लागि समाजवाद अँगाल्ने राष्ट्र बच्यो । १९७५ मा सिक्किमी जनताका प्रतिनिधिहरुले मृत्यु रोजे, सिक्किम मऱ्यो । सिक्किमको राष्ट्रिय फूल सुनाखरी फुल्दाफुल्दै झऱ्यो । नेता अदूरदर्शी, स्वार्थी भए भने कसरी राष्ट्र सकिदो रहेछ, यसको ताजा उदाहरण हो, सिक्कम । तर हामीले शिक्षा लिइसकेका छैनौं ।

शासक प्रशासक अदूरदर्शी र स्वार्थी भइदिनाले अफगानिस्तानका निर्वाचित राष्ट्रपति भाग्नुपऱ्यो । श्रीलंकाका राष्ट्रपति भूमिगत भएर बस्नुपऱ्यो । बंगलादेशका निर्वाचित प्रधानमन्त्री भारतको शरणमा पुगेर ज्यान जोगाउनु परेको छ । देशका शासकहरु कसरी सत्ताबाट सडकमा पछारिन्छन्, सुखबाट तातो तावामा पुगेको देखेका नेताहरुमा चेत खुलेको छैन ।

नेपाललाई माया गर्ने, सहयोगी दातृ संस्थाहरुले विश्वास गर्न छाडेका छन् । नेपाल ग्रेलिस्टमा परिसक्यो । अरुले नबोले पनि अमेरिकाले युएसएआइडी संस्था बन्द गरेर गइसक्यो । नेपाललाई फ्रड भनिसक्यो । अब त विश्वजगतमा नेपाल भनेको मानवाधिकार हनन हुने, दण्डहीन, मानव बेचबिखन गर्ने शासन सत्ता भएको मुलुक भनेर बदनाम भइरहेको छ । पद्धति र नेतृत्वप्रति जनतामा अलिकति पनि सम्मान छैन । प्राविधिक रुपमा चुनाव जितेर शासन सत्तामा भ्रष्टाचारको साम्राज्य चलाइरहेका छन् ठूला दलहरु ।

वर्षदिनपछि नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति गर्न राष्ट्र संघमा बहस चलिरहेको छ । तर नेपालको १८ खर्बको बजेटमा आधाभन्दा बढी बेरुजु छ, २७ खर्बभन्दा बढी राष्ट्र ऋणमा डुबेको छ । उत्पादन, उद्योग, निकासी केही छैन । व्यापारघाटा १४ खर्ब पुगिसकेको छ । यस्तो मुलुक विकाशशील बनेर के हुन्छ ? जब शान्ति, स्थिरता, पद्धतिप्रति जनविश्वास नै छैन भने यो राष्ट्र असफल हुने जोखिममा छ । भूराजनीतिको भूमरीमा परिसकेको छ । स्पष्ट राष्ट्रियनीति लङगडो बनेको छ, परम्परागत पञ्चशील र असंलग्नताबाट धरमराएको छ । प्रधानमन्त्री एससीओ बैठकमा सहभागी हुन चीन गए । समाचार आयो, चीनको सुरक्षानीतिमा नेपाल सहमत भयो रे । प्रमका सल्लाहकार युवराज खतिवडाले भनेका छन्- त्यस्तो सहमति भएको छैन । जब आफ्नै मुलुक आफ्नो भन्ने स्थिति छैन, जब संसदमा सबै दलको समर्थन लिएर प्रधानमन्त्री विदेश यात्रामा जाँदैनन्, त्यस्तो देशलाई बिभाजन गर र स्वार्थ सिद्ध गर भन्ने नीतिमा विदेशी लाग्छन् । नेपाल त्यही रोगबाट ग्रसित बन्नपुगेको छ । प्रम ओलीमाथि प्रश्न उठिसकेको छ, उनले स्पष्ट पारिसकेका छैनन् ।

भूराजनीतिका कारण नेपालले फुकी फुकी पाइला चाल्नुपर्ने समय हो । तर शासक प्रशासकहरु निर्धक्क देशलाई लुटिरहेका छन् ।

बिकिनी किलर चार्ल्स शोभराजले भनेका थिए- नेपालमा पैसा भएपछि जे पनि गर्न सकिन्छ । हो, यो १८ वर्षमा नेपालमा हरेक पद खरिद बिक्री भएको देखियो । लोकतन्त्रवादी हुँ भन्ने पार्टीहरु हरेकले पद बेचेका छन् । पदको दुरुपयोग गरेका छ्न । सांसद पद समेत दाइजोमा दिएको उदाहरण पनि छ । राज्यलक्ष्मी गोल्छाले त ७ करोड दिएर सांसद बनेकी थिइन् । गर्ल फ्रेण्डलाई सांसद बनाए, राजदूत, मन्त्रीले मानव बेचबिखनमा हात हाले । मन्त्रीलाई जापानजस्तो मुलुकबाट फर्काइयो । सेनाका कर्णेललाई लण्डनमा पक्राउ गरेर थुनियो, केश चलाइयो । अर्थात्, दण्डहीनताको मूल्य राष्ट्रले चुकायो, जनताले चुकाए । भारतका प्रख्यात लेखक खुशवन्त सिंहले भनेका थिए- राजनीति बेश्यालय हो । नेपालको राजनीति खुशवन्त सिंहको व्याख्याजस्तो बन्न पुग्यो भन्छन् राष्ट्रवादीहरु ।

प्रजातन्त्रका प्रवर्तक अब्राहम लिंकनले भनेका गएका थिए- कुशल शासक भविष्यको चिन्ता गर्छन्, राजनीतिज्ञ आगामी चुनावको मात्र चिन्ता गर्छन् । हो, नेपाली गरीव छन्, सबै सत्य बुझेका छन् तर बाध्यतावश तिनैलाई चुन्छन् जो जनवादीका नाममा जनघाती छ । समाजवादीका नाममा समाजविरोधी छ ।

जनताले देखिसके कि नेता र प्रशासकहरू नाङ्गा छन् । नागरिकहरुले विवेकपूर्ण बोल्ने साहस गर्नथाले ।






# कालापानी, लिपुलेकको चुच्चेनक्सा बोकेर बसौं
# नेपाली भूगोलमा भारतको हैकम खपेर बसौं

काठमाडौं । यो कस्तो लोकतन्त्र हो, जसले संविधानअनुसारको राष्ट्रिय भूमिको रक्षा पनि गर्न सक्दैन ?

यी कस्ता नेता हुन्, जिब्रो तालुमा टाँसेर बस्छन्, आफ्नो भूमिको हकाधिकार आफैले गर्न पाउनुपर्छ भन्न सक्दैनन् ?

संविधान कार्यान्वयन भयो, कहाँ भयो, सत्ताको प्रतिस्पर्धामात्र हो संविधान ? संसदमा चुच्चेनक्साबारे किन उठ्दैन ? चुच्चे नक्साका भूभागमा नेपाल सरकारकहाँ छ ? खोज्नुपर्दैन ? चुच्चे नक्साका भूभागमा सरकार, सांसद किन जान सक्दैनन् ? त्यसै चित्रबहादुर केसीले रोइलो गरेका होइनन्- यस्ता भ्रष्ट र स्वार्थी नेताले देशै बेच्ने भए भनेर ।

चुच्चे नक्सा संविधानमा छ, चुच्चे नक्सा कागजमा छ । यथार्थमा चुच्चे नक्साका भूभाग भारतले खाइसक्यो । भारतीय शासक नेपाललाई जानकारी नै नदिई आवतजावत गर्छन् । भारतीय योजनाअनुसारका काम भइरहेका छन् । नेपाल बेखबर जस्तो गरी मौन तमासा हेरिरहेको छ । यो कस्तो राजनीति हो ?

नेपालले यी क्षेत्र दावी गरेको छ तर राष्ट्रसंघका महासचिव नेपाल आउँदा नेपालले नक्सा पेश गर्न सकेन, प्रधानमन्त्री अमेरिका गए, चीन गए, नेपालको नक्सा उपहारमा दिन सकेन । १४ डिसेम्बर १९५५ मा राष्ट्रसंघको सदस्य हुँदा पेश गरेको नक्सा र झण्डा उपहारमादिन सकेको भए सबैलाई जानकारी हुने थियो, भारतमाथि कूटनीतिक दबाब पर्ने थियो, नेपालले महत्वपूर्ण अवसर गुमायो ।

आफ्नै भूमि कहाँ छ, सीमा कुन अवस्थामा छ, स्वराजमा छ कि छैन भनेर नबुझ्ने अबुझहरू जनप्रतिनिधि बनेका छन् । नेपालको भूभाग कति हो, सीमा सुरक्षित छ कि छैन ? लोकतन्त्रमा न्यायपूर्ण समाज सिर्जना गर्न सकियो कि सकिएन ? संविधान र विधिको शासन कायम भयो कि भएन ? चुनावमा योभन्दा महत्वपूर्ण मुद्दा अरू के हुनसक्छ ?

तर यी कुनै पनि मुद्दा चुनावपछि कुनै पनि नेताले उठाएनन्, संसदमा कुनै प्रस्ताव पुगेन, बहस भएन । प्रधानमन्त्रीले भारत भ्रमण गरे, भारतका प्रम मोदीसँग वान टु वान र सामुहिक छलफलमा बस्दा समेत नेपाली भूभागका बारेमा कुनै चासो राख्न सकेनन्, यसको अर्थ नेपाल कूटनीतिक रूपमा कति असक्षम रहेछ भन्ने हो ।




भारतले १९६२ नोभेम्बरदेखि भारतले कब्जा गरेको कालापानी क्षेत्र भारतले खायो । लिपुलेक, लिम्पियाधुरासमेत भारतले आफ्नो नक्सामा हालिसक्यो, शासन कायम गरिसक्यो । आफ्नै भूमिमा जनगणना समेत गर्न सकिएन । चुनावमा मतदान हुन सकेन । ती क्षेत्र नक्सामा ल्याइयो, हकभोग भारतको छ । नक्सामा भएका भूभागसमेतको बेवास्ता गर्नु यी कस्ता राष्ट्रवादी नेता होलान् ?




राष्ट्रको भूभागका विषयलाई महत्व दिन नसक्नु दुर्भाग्यपूर्ण राजनीति हो ।

नेपाली भूमि भारतले ६० वर्षदेखि खाइरहेको छ । ७१ स्थानमा सीमा अतिक्रमण गरेर नेपाली भूभाग लुटिरहेको छ । सीमाक्षेत्रमा भारतीय ज्यादति बढिरहेको छ । नेपालीमाथि हरेक दिनको दुर्व्यवहार, लुटपाटका घटना आपत्तिजनक छ । यस्ता विषयमा समेत सरकारले भारतीय प्रधानमन्त्रीको ध्यानाकृष्ण गर्न सकेन ।

सक्रिय राजतन्त्र काल ३० वर्ष मात्र हो । ०४६ सालपछिको ३५ वर्ष बहुदल र ०६५ पछिको १७ वर्षे गणतन्त्रकालमा यिनै पार्टी र नेताले शासन गरेका हुन्, समानाता, स्वाधीनता र सार्वभौमिकता लागि के के उपलब्धि हासिल गरे ? स्पष्ट पार्न सक्दैनन् । जुनसुकै बेला जनतालाई भ्रमित पारेर र सपना देखाएर यिनले शासन गर्दै आएका छन् ।

चुनावका समयमा चर्का भाषण गर्छन्, पदमा पुगेपछि झन चर्का कुरा गर्छन् तर व्यवहारमा देशभक्त हुन् भन्ने कुनै काम गरेका छैनन् । लोकतन्त्र भनेको युवा बिक्री गर्ने बाजारू नीति बन्न पुग्यो । हरेक दिन २ हजारभन्दा बढी युवा विदेशीने क्रम जारी छ । युवालाई स्वदेशमै रोजगारी दिने र निकासीमूलक एउटा पनि उद्यो स्थापना गर्न सकेनन् ।

युवा निकासी गरेर अर्थतन्त्र चलाउने, सीमा अतिक्रमण र भूभाग लुटाएर विदेशीका साखुल्ले बन्ने नीतिले न नेपाल सुरक्षित हुनसक्छ, न नेपाली राष्ट्रियता ?

यी नेताले भारतको हैकम स्थापित भएका भूभाग फिर्ता ल्याउनेछन् भन्नु सपनाजस्तो लाग्छ । यद्यपि नेपाली राष्ट्रवाद ब्यूँझेको बेला, जागरूक भएको बेला ती भूभाग भारतले पचाउन सक्ने देखिदैन । वीरको देशमा वीरको जन्मको प्रतिक्षा जारी छ ।

निश्चित रूपमा भारत ठूलो छ, सामरिक रूपमा समेत भारतसँग युद्ध गर्न सकिन्न, नेपालले लडेर गुमेका भूभाग फिर्ता आउनै सक्दैन । केही बुद्धिजीवीले सही बोलेका हुन् । ६० वर्षसम्मको वार्ताले भारत पग्लिएन, अझै नेपाली भूमि खाइरहेछ भने स्वभाविक प्रश्न उठ्छ- अन्तर्राष्ट्रियकरणको प्रयास किन हुनसकेन ? हुन त अर्थपूर्ण र सार्थक वार्ता नेपालले कहिले गरेन । यहाँसम्म कि इपीजी रिपोर्ट बुझौं भन्नसमेत नेपालले सकेन । त्यो रिपोर्टमा खुला सिमानाको अनुगमन हुनुपर्ने, नियमन हुनुपर्ने विषय रहेको छ, त्यो रिपोर्ट लिक भएकै कारण भारतले बुझ्न नमानेको बुझ्न सकिन्छ ।

राष्ट्रिय दल भन्नेहरूमा राष्ट्रियता कति छ ? ग्रेटर नेपाल अर्थात १८१६ को सुगौली सन्धिबाट गुमेको भूमि फिर्ता ल्याउने काम यिनीहरूबाट सम्भव नहोला, भएको नेपाली भूभागलाई साबुत राख्ने काम त गर्नुपर्छ । सुगौली सन्धि मान्ने भारतलाई कालीनदी पूर्वबाट फौज फिर्ता लैजान भन्नुपर्छ, लिपुलेक, लिम्पियाधुरा क्षेत्र नेपालको थियो, नेपालको हो, भारतले नक्सामा राख्नु अतिक्रमण हो भनेर विश्वलाई भन्नसक्नुपर्छ ।

आधुनिक युगमा कुनै मुलुक सानो र ठूलो हुन्न । सार्वभौमिकता सबैको समान हुन्छ, यही सत्य नेपालले बताउन सक्नुपर्छ ।

# नेपाल–रुस : नयाँ अध्याय




नेपाल र रूस बीचको द्विपक्षीय सम्बन्धमा नयाँ मोड आएको छ । चिनियाँ शहर थियानजिनमा भएको शांघाई सहयोग सङ्गठन (एससीओ) को शिखर सम्मेलनको सीमान्तमा नेपाली प्रधानमन्त्री केपी शर्मा ओली र रूसी राष्ट्रपति भ्लादिमिर पुटिन बीच भएको भेटवार्ताले दुवै देशबीचको सहयोगलाई नयाँ गति दिएको छ । रूसी राजदूत अलेक्सेई नोविकोवद्वारा नेपाली प्रमुख दैनिक पत्रिका द राइजिङ नेपालमा प्रकाशित लेख न्यू बिगिनिङ अफ प्राक्टिकल कोअपरेसन ले यसैको प्रतिबिम्बन गरेको छ । नेपाल र रूसबीचको सम्बन्ध सन १९५६ मा स्थापित भए पनि सम्बन्ध औपचारिकतामा सीमित रह्यो । सोभियत सङ्घको विघटनपछि सम्बन्धमा विशेष गति आएन । तर पछिल्लो समयमा भूराजनीतिक परिवर्तनले यो सम्बन्धले नयाँ रूप लिएको छ । रूसी राजदूत नोविकोवको लेखमा उल्लेख गरेअनुसार यस भेटवार्ताले नेपाल र रूसबीच सहयोगका विभिन्न क्षेत्रहरूमा नयाँ सम्भावनाको मार्ग खोलेको छ ।

१. प्रत्यक्ष उडान सेवा: मास्को र काठमाडौंबीच प्रत्यक्ष उडान सेवा सुरु हुने सम्भावनाले पर्यटन, व्यापार र आधिकारिक सम्पर्कलाई नयाँ गति दिनेछ । यसले गर्दा पर्यटक, व्यापारीहरु आवत जावत गर्न र रूसी लगानीकर्ता नेपालमा आउन सक्नेछन् ।

२. शैक्षिक क्षेत्रमा सहयोग: रूसले नेपालीका लागि शैक्षिक कार्यक्रम र छात्रवृत्तिहरू विस्तार गर्ने योजना बनाएको छ । यसले गर्दा नेपाली विद्यार्थीहरू रूसमा उच्च शिक्षा प्राप्त गर्न सक्नेछन् । रूस विश्वको अग्रणी शैक्षिक केन्द्र हो र विज्ञान, प्रविधि, चिकित्सा जस्ता विषयहरूमा यसको मान्यता छ । नेपाली विद्यार्थीहरूले यस्ता विषयहरूमा शिक्षा प्राप्त गर्न पाउनुले नेपालको मानव संसाधन विकासमा ठूलो योगदान पुर्याउनेछ ।

३. सांस्कृतिक आदानप्रदान: दुवै देशबीच सांस्कृतिक आदानप्रदानलाई बढावा दिइनेछ । नेपाल र रूसको समृद्ध सांस्कृतिक विरासत छ । सांस्कृतिक आदानप्रदानले दुवै देशबीच परस्पर बुझाइ र सद्भावना बढाउनेछ । सम्बन्धलाई मजबूत बनाउनेछ ।

४. व्यापार र लगानीस् व्यापार, लगानी र लजिष्टिक्सका क्षेत्रहरूमा नयाँ सम्भावनाहरू खुलेका छन् । नेपालले हिमालयन जलविद्युत, पर्यटन, कृषि जस्ता क्षेत्रहरूमा रूसी लगानी आकर्षित गर्न सक्छ। रूसले पनि नेपाललाई ऊर्जा, आधारभूत संरचना, प्रविधि जस्ता क्षेत्रहरूमा सहयोग गर्न सक्छ । वर्तमान भू(राजनीतिक परिवेशमा नेपालले विविधीकृत विदेश नीति अवलम्बन गरेको छ। नेपालले आफ्नो विकासका लागि विभिन्न देशहरूसँग सहयोग बढाउने नीति लिएको छ। यसैको क्रममा रूससँग सम्बन्धलाई मजबूत बनाउने प्रयास गरिएको हो । रूस पनि एसियामा आफ्नो प्रभाव बढाउन चाहन्छ र नेपाल जस्तो रणनीतिक रूपमा महत्वपूर्ण देशसँग सम्बन्ध बढाउनु त्यसैको भाग हो ।

रूस जस्तो शक्तिशाली देशसँग सम्बन्ध बढाउनुले नेपालले आफ्नो विदेश नीतिमा अधिक स्वायत्तता हासिल गर्न मद्दत गर्नेछ। यसले नेपालको राष्ट्रिय हितलाई कायम राख्दै विकासका लागि आवश्यक सहयोग जुटाउन मद्दत गर्नेछ ।

नेपाल र रूसबीचको सहयोगका क्षेत्रहरूमा धेरै सम्भावनाहरू छन् । हिमालयन क्षेत्रमा जलविद्युत उत्पादन, पर्यटन विकास, कृषि प्रविधि, सूचना प्रविधि जस्ता क्षेत्रहरूमा रूसले नेपाललाई सहयोग गर्न सक्छ । रूसको विशाल अनुसन्धान र विकास क्षमतालाई नेपालले आफ्नो विकासका लागि उपयोग गर्न सक्छ । रूसले नेपाललाई अन्तर्राष्ट्रिय मञ्चहरूमा सहयोग गर्न सक्छ । नेपाल र रूसबीचको सम्बन्धमा नयाँ अध्याय सुरु भएको छ । चीनमा भएको भेटवार्ताले द्विपक्षीय सम्बन्धलाई नयाँ गति दिएको छ । प्रत्यक्ष उडान सेवा, शैक्षिक सहयोग, सांस्कृतिक आदानप्रदान, व्यापार र लगानीमा सहयोग बढ्नेछ । यसले नेपालको विकासमा ठूलो योगदान पुर्याउनेछ। नेपालले आफ्नो विविधीकृत विदेश नीतिको अन्तर्गत रूस जस्ता शक्तिशाली देशहरूसँग सम्बन्ध बढाउँदै आफ्नो राष्ट्रिय हितलाई कायम राख्न सक्छ । भविष्यमा नेपाल-रूस सम्बन्धले हिमाली क्षेत्रमा शान्ति, स्थिरता र समृद्धिको लागि महत्वपूर्ण योगदान दिन सक्नेछ ।




गणेशबहादुर ढुङ्गाना

# भारतको नेपालमाथि सधैं जबरजस्ती

*(४- सामयिक विश्लेषण क्रमस....)*

धेरै दिनदेखि चीन अमेरिकाले भित्रभित्रै भारतले नेपालमा कम्युनिष्टमार्फत उग्रवाद चलाएको, शान्ति र प्रजातन्त्रलाई दुर्लभ गराएको, आन्तरिक हस्तक्षेपलाई बढाएर अस्थिरता र लूट मच्चाएको, नागरिक ढाल र काल बढाएको देखेर भित्रभित्रै पेलान पेलिरहेकै थिए । त्यसैको फलस्वरुप हेटौंडाको एमाओवादीको महाधिवेशनमार्फत भारतले ल्याएको देखावटी परिवर्तन हो शान्ति र पूँजीवादी अर्थतन्त्र । तर भारतले नै आफ्ना सहयोगी दलहरूको भूमिका छुट्याएर फेरि अशान्ति, अस्थिरता मच्चाएर प्रजातन्त्र, शान्ति र मानव अधिकार, कानुनी राज्यलाई दुर्लभ बनाइदियो । यस्तो भारतीय द्वैध चरित्र (म्यगदभि क्तबलमबचम) बिगत आधा शताब्दिदेखि देख्दा देख्दा सारा नेपाली जनता र मित्रराष्ट्रहरूलाई कण्ठ भइसकेको छ । हाल नेपाल र भारतका सहकर्मीहरूकाबीचमा हेग-भय र अन्तर्राष्ट्रिय फौजदारी अदालत-भय ( ँयदष्ब) व्यापक फैलिएको छ । भारत सरकार र उसका नेपाली मतियारका बीचमा नेपाल र भारतमा अभिलेखित (च्भअयचमभम) शान्तिक्षेत्र, प्रजातन्त्र, मानव अधिकार बिरुद्धका अपराध, आदिवासी जनजातिका प्राकृतिक सम्पदामा कायम प्रथम हक बिरुद्धका अपराध, नरसंहार (जेनोसाइड) का अपराध, प्रायोजित युद्ध आतंक अपराध, अहस्तक्षेप, अखण्ड राष्ट्रिय सार्वभौमिकता तथा पञ्चशीलका विरुद्धका अपराध, धर्म तथा संस्कृति विरुद्धका अपराध, मानवताका विरुद्धका अपराध, राष्ट्रिय तथा जातीय पहिचान तथा अस्तित्व विरुद्धका अपराध, जातीय विद्वेषकारी अपराध समेतका कारणले गर्दा दुबैतिर खैलाबैला चलेको छ र सम्बन्धित पक्षका परिवर्तनका संकेत त्यसैलाई ढाकछोप गर्ने च्यादर हुनसक्तछ । तर देखावटीमा शान्ति र प्रजातन्त्रको आवरण आए पनि व्यवहारमा भने त्यसको ठिक बिपरित दलगत बिभाजन संघर्ष र मधेश आन्दोलनजस्ता अराष्ट्रिय अस्थिरता, शान्ति, प्रजातन्त्र, नागरिक हकका विरुद्धमा उग्रवादका नरसंहारकारी बितण्डा पुनरुत्थान गरी सकिएको छ । घुमाइफिराई गृहयुद्धका गृहयुद्धमै पुऱ्याइसकेको छ । यस्तो दोहोरो भूमिकाको मारबाट नेपाली जनताले कहिले रकसरी मुक्ति पाउने ? कुन बिधाताले मुक्ति दिलाउने ? जताततै उनीहरूकै बर्चस्व, हालिमुहाली देखेर नेपाली जनमानस निराश, भयग्रस्त तथा असहाय भएर तड्पिरहेका छन् ।




यी सम्पूर्ण परिप्रेक्षहरूलाई हेर्दा आजको नेपालको अवस्था एउटा डरलाग्दो समुन्द्री आँधी (Sunami) आउनु अगाडिका सुक्ष्म जल-तरङ्गजस्तो सांकेतिक देखिन थालेको छ । अव नेपालमा एउटा जनक्रान्तिको आँधीबेरी आउने निश्चित प्राय: देखिन्छ । किनभने आम नेपालीका अगाडि आमा नेपाल गम्भीर खतरामा परेको स्पष्ट चित्र देखिन थालेको छ । आम नेपालीहरू राज्यबिहीन भएर बिस्थापित हुने र परदेशी घुमन्ते दास (बिखभक) भएको स्पष्ट तस्विर देखिसकेका छन् । धेरैले भोगिरहेका पनि छन् । आफ्नै देशको आफ्नै जन्मशिद्ध अधिकार रहेको प्राकृतिक, आर्थिक तथा नागरिक सम्पदामा विदेशीको कब्जा, खटनपटन, हेपाई, चलखेल, धाकधक्कु चलेको र आफूगरिवीका रेखामुनी धेकेलिएर असह्य, निरीह, आन्तरिक दासका रुपमा परिणत भइसकेको पनि देखी भोगिरहेका छन् । यस्ता विभिन्न मानसिक धक्का (Mental Shock) हरूलाई सहँदा सहँदा अव असैह्य भएर विद्रोहमा उत्रने मानव स्वभाव ( Human Nature) सिमान्त, ठाउँमा आजका नेपाली जनता पुगिसकेका छन् । अव नेपाली जनताका अगाडि आफ्ना बचाउका लागि केही गर्ने र मर्ने बाहेक अर्को बिकल्प छैन । तर त्यो जनतुफान आउँदा अराजक, अनियन्त्रित भएर नआवस् भनेर जिम्मेवार नेपाली राजनेताहरूले अहिलेदेखि नै सतर्क भएर पूर्व व्यवस्थापन गरिसक्नु पर्दछ । जसरी अनियन्त्रित गंगाजीलाई शिवजीको जटाजटमा खसालेर लोकोपयोगी बनाइयो, त्यसरी नै नेपालमा पनि जनशक्तिलाई राष्ट्रपयोगी बनाउन एउटा अत्यन्तै इमान्दार, त्यागी, देशभक्त (Patriot), निर्भिक, निष्पक्ष राजनेता (Statesman) को आह्वान गरेर उभ्याउनु पर्दछ ताकि उसले जनआन्दोलनलाई नियन्त्रण, निर्देशन तथा राष्ट्रोपयोगी बनाउन सकोस् । साथसाथै दैनिक बाह्य हस्तक्षेपलाई पनि नियन्त्रणमा ल्याएर दुश्मन रहेछ भने पनि दोस्तमा परिणत गर्न सकोस् । त्यस्तो राजनेताको तलाश गर्दा, संयोगले जनताकै माझबाट अकस्मात उचाई लिएर आए सुनमा सुगन्ध, त्यस्तो नभए भइरहेकै पार्टीहरूबीचका बेदागी नेता छानिन सक्छन् । कम्युनिष्ट वा पञ्च पार्टी वा अन्य पार्टीका नेताहरू पनि जो चरित्रवान छन् र हाल नेपालका जल्दाबल्दा मुद्दा बोकेर हिडिरहेका छन् र राष्ट्रघात तथा देशद्रोहजन्य भ्रष्टाचारमा कलंकित भएका छैनन् र भविष्यमा पनि निर्भिक रहन्छन्, बिक्दैनन्, गद्धारी तथा राष्ट्रघात गर्दैनन् भन्ने विश्वासपात्र छन् । हालको अवस्थामा राष्ट्रवादी र क्रान्तिकारी हुँदा पनि संकुचित (ल्बचचयध) राष्ट्रवादी र जडसूत्रवादी हुनुहुँदैन । उदार, व्यवहारिकतावादी, विश्व समकालीयवादी हुनुपर्दछ ।

नेपाललाई हाल नभई नहुने अनिवार्य तत्वमा बाह्य हस्तक्षेपरहित स्वराज, प्रजातन्त्र, राष्ट्रवाद र क्रान्ति (विकास) मुख्य हुन् । र, एक दोश्राका परिपूरक हुन् । बाह्य हस्तक्षेपका कारण आज यी सबै आवश्यक राष्ट्रिय तत्वहरू विभाजन तथा अन्तरसंघर्षमा परेका छन् । यिनको राजतन्त्रवादी, प्रजातन्त्रवादी र कम्युनिष्ठहरूको व्यक्तिगत चङ्गुलमा फसाएर विदेशीहरूले राष्ट्रवादी, प्रजातन्त्रवादी, क्रान्तिकारी तीन खेमामा बिभाजित गरेर लड्डु लडाउने र झिल्ली झार्ने काम गरिरहेका छन् । नेपालका राष्ट्रवादी, प्रजातन्त्रवादी र क्रान्तिकारीहरू एकजुट भएर बाहिरी हस्तक्षेपलाई निषेध गर्ने, राष्ट्रवाद, प्रजातन्त्र र क्रान्तिलाई एउटै बिटोमा बाँधेर शक्तिको बाँध बाँध्ने र विकासको मूल फुटाउने पुनित: कर्तव्य हुन आएको छ । त्यसको लागि नेपाली नेतृत्वले र जनताले एकजुट भई बाह्य हस्तक्षेप हटाउन, राष्ट्रवाद, प्रजातन्त्र र विकासका लागि क्रान्तिका दुई कित्ताफोड गर्नुपर्छ : १) आन्तरिक क्रान्तिकारी खेमा, २) बाह्य विदेशी हस्तक्षेपविरुद्ध) क्रान्तिकारी खेमा ।

१) आन्तरिक क्रान्तिकरी खेमा (क्ष्लतभचलर्बा च्भखयगितष्यलबचथ ऋबकउ) मा निरन्तर ती आन्तरिक तत्वका विरुद्धमा उत्रिने जसले विदेशीका डलर र भारु खाएर देशद्रोहजन्य भ्रष्टाचार गरेका छन्, नेपालका विरुद्धमा विदेशीका लागि गुप्तचरी गरेका छन्, विदेशीको शक्ति, साँठगाँठबाट नेपालको सत्ता कब्जा गरेर नेपाललाई नोक्सान हुनेगरी सन्धि सम्झौता गरेका छन्, त्यस्ता तत्वको विरुद्धमा संघर्षमा उत्रिने, भण्डाफोर गर्ने, सामाजिक बहिष्कार गर्ने, छानबिनका लागि जनअदालत खडा गर्ने पर्दछन् । आन्तरिक जनक्रान्तिमा दोश्रो र अनिवार्य क्रान्तिमा पर्दछ : आर्थिक क्रान्ति । आर्थिक क्रान्तिका लागि नेपाली जनता वा नेताहरूले सबैभन्दा पहिले अनेकतामा एकता कायम गरेर शान्तिमय नेपाल कायम गरी उर्वरा राष्ट्रिय भूमि तैयार पार्नुपर्दछ । सय रङका फूलका थुङ्गा, एउटै फूलवारी नेपाल शक्तिशाली नेपाल हुन्छ ।

# I hope that an era of peace will begin on the Korean Peninsula.

## US President Donald Trump



South Korean President Lee Jae-mung has asked the US president for help in bringing peace to the Korean Peninsula. In response, President Trump has revealed that he plans to meet with North Korean leader Kim Jong-un. The two presidents met with South Korean President Lee Jae-mung in the Oval Office in Washington on August 25. They discussed defense and trade. The main discussion was about the threats from Russia, China and Japan on the Korean Peninsula, peace, and North Korea's growing nuclear weapons capabilities.



President Trump then said that he has a good friendship with Kim Jong-un and wants to meet. There are 40,000 US troops stationed in South Korea. Relations are cordial. This is considered Lee's first and most important visit since becoming president last June. President Lee said that relations were stable during his first term, but tensions have increased now, and he has asked for help in establishing peace, according to sources close to Russia and China. Lee is considered a leader with a soft policy towards North Korea. However, since becoming president, North Korea has been making harsh and negative comments towards South Korea. "I think you are the first president to be so interested in world peace issues and actually make achievements," said President Lee. "Therefore, I hope you will establish peace on the Korean Peninsula ... and meet with Kim Jong Un."

President Lee Jae Myung added that "I think you are the first president to have so much interest in the world's peace issues and actually made achievements, So, I hope you would make peace on the Korean Peninsula … and meet with Kim Jong Un. He added that he would "actively support" Trump if he wanted to "play the peacemaker, and that the US president was "the only person who can actually solve." tensions between North and South Korea, who remain technically at war after the Korean War ended in 1953 with an armistice, not a peace treaty.

The US President has touched the wrist of South Korea's new anti-conservative President Lee. He understands the importance of trade, military relations and America. The US has reminded South Korea of its plans to Make America Great Again. He has yielded to American pressure. South Korea was accompanied by large corporations and businessmen, who have also announced large investments. South Korea will buy 103 Boeings worth $50 billion. Hyundai will invest $26 billion in the US. A total of $150 billion has been announced to be invested. President Lee gave President Trump special gifts with the "Make America Great Again" campaign slogan, a tailor-made golf putter, and two cowboy hats embroidered with the "Turtle Ship" model. This is also a friendly feeling between Korea and America. Trump joked about this - Trump Tower should be built in North Korea, so that I can play golf in Pyongyang too.

On this occasion, the South Korean President said - North Korea has developed the capacity to produce 10 to 20 nuclear weapons per year. That is why peace is necessary. In this regard, the Director of Nuclear Information of the American Scientists also said – North Korea has increased its additional uranium enrichment capacity. The South Korean president wants peace between the two Koreas, Trump is ready to help. Trump's response was – I will do that, and we will talk. Kim Jong Un wants to meet with me, we are ready to meet with him, and we will improve relations.

North Korea's response is negative. The response received through KCNA is – The joint military exercises between the US and South Korea show that the US plans to "occupy" the Korean Peninsula. Earlier, North Korea's top leader Kim Jong Un and his powerful sister Yo Jong had said – DPR Korea will maintain a nuclear arsenal and if Pyongyang is attacked, South Korea will be destroyed with nuclear weapons.

North Korea tested two air defense missiles before South Korea's President Lee Jae-mung -in left for the United States to seek peace and improve relations with US President Trump, North Korea's state news agency KCNA reported. North Korea has become more powerful due to the close ties between Russia and DPR Korea, China and DPR North Korea, and diplomatic conclusions.

Trump's previous meeting with Kim-Trump, who appeared with President Lee Jae-mung, said that he has a "very good relationship" with Kim Jong Un. In 2017, when North Korea continued to test missiles, Trump called Kim Little Rocket Man and said that the world would respond with fire and fury like it had never seen before. But when tensions rose around the world, Trump met with Kim in 2018 (Singapore) and 2019 (at the border between North and South-Panmanjom), which was unprecedented. South Korea is concerned about North Korea's 2.5-fold increase in long-range nuclear weapons. In this situation, is it possible to bring North Korea, which is developing hypersonic and multi-polar dangerous missiles, to the negotiating table?

Experts say that this is a very difficult issue for South Korea, which has a brotherly attitude towards North Korea, and for the United States, which has good relations with it. Both presidents congratulated each other on becoming president. However, during the talks, concerns were raised about North Korea's nuclear power and the establishment of peace in the Korean region.

Finally, US President Trump said, "I agree with you. My relationship with Kim is not bad. I believe that North Korea is waiting for talks. I hope that an era of peace will begin on the Korean Peninsula."




## दशैंमा बलिदान आउँदै




दशैंका फूलपातीका दिन बलिदान चलचित्र रिलिज हुने भएको छ। सामाजिक सञ्जाल बन्द हुँदा गीत भने रिलिज हुनसकेन।

निर्माता तथा निर्देशक सन्तोष सेनका अनुसार आमा गीत रिलिज नभए पनि फिल्म भने निर्धारित दिनमै रिलिज हुनेछ। रोकिएको आमा गीत मर्मस्पर्सी र चित्ताकर्षक रहेको बताइएको छ। सेन भन्छन्- 'बलिदान हेर्नलाई दर्शकहरू प्रतीक्षा गरेर बसिरहनुभएको छ। उहाँहरूकै लागि चलचित्र फूलपातीमै रिलिज गर्छौं।

# Is America Ready ?




***Nepal-U.S. relations are long-standing and friendly, beginning with the establishment of diplomatic ties in 1947 and 1948. U.S. policy aims to support Nepal's democratic governance and economic prosperity through aid, disaster relief, and trade initiatives. Key areas of cooperation include promoting human rights, improving economic outcomes, and enhancing Nepal's capacity for regional security. The relationship also involves cultural exchange, with many Nepali students studying in the U.S. and the U.S. Peace Corps active in Nepal.***

The first state visit to the USA was made in 27–30 April 1960 . King Mahendra was accompanied by the Queen Ratna. They were received by President Dwight D . Eisenhower. He addressed the joint session of the U .S . Congress in April 28 In the meeting between the President and the King, they discussed about lasting peace and international justice. And both agreed to strengthen the bilateral relationship. The second visit was made in 1–3 November 1967. The royal couple was greeted by the President Lyndon B Johnson and Mrs . Johnson in Washington DC in 1967. The royal couple of Nepal was greeted with the 'guard of honor'. The king and the president discussed about the foreign affairs and agreed to support the efforts of the United Nations.

Nepal's King Birendra and Queen Aiswarya in their 1983 State visit to the United States, with the then President Ronald Reagan and First Lady Nancy Reagan. The President spoke at 10:10 a .m . on the South Lawn of the White House, where King Birendra was accorded a formal welcome with full military honors. Following the ceremony, the President and the King met in the Oval Office. They were then joined by U .S . and Nepalese officials for further discussions.

This was the foundation of the historic relationship between Nepal and the United States. The interventionist politics of Nepal's neighbors has tried to disrupt the old historical relationship, can it be saved?

Attempts were made by visibly India and invisibly China-communists to destroy this foundation. Which is unfortunate Because MCC imposed on Nepal. MCC Nepal had requested it.

Nepal request for MCC, USA gave . Nepal asked for Help, USA gave. The communists had a great quarrel over the MCC. The United States builds an army base in Nepal. US army robs Women. Carries out anti-China activities from Nepali territory. Spread many misinformation. Nepalis took Nepalis to the streets and made them fight. USA was insulted. In the end, these same parties passed the MCC from the parliament. Accepted.

It was also accused of insulting the United States. The dispute has been stopped after the government said it would not implement it immediately. The question is, they are the ones who run the government, they are the ones who have demanded it. It was the leadership's inability to blame the United States. The result of all these activities is not far-sighted in Nepali leaders. They cannot decide for themselves. By the neighbors, they jump up and down, squealing loudly. They don't even discuss what is needed for Nepal. Leadership incompetence had disrupted the relationship for nearly 8 decades.

Nepal-US relationship is deep, deep.

However, Nepal's economy, which is among the big giants, is dependent on India and China. China and India are also at the center of politics and diplomacy. The world diplomatic heights developed by the kings have been destroyed by these leaders. The world used to listen to what Nepal said in the time of the king, but today that situation has deteriorated. Therefore, whatever our leaders say in the future, their close ties are based on India or China. The internal status of our leadership is very weak. They make mistakes on their own and do not hesitate to blame their friends . Anti-American sentiment is a leadership mistake. Diplomatic weakness is the fault of the leader. If Nepal is to be freed from unnecessary pressure from the North and South, and if Nepal is understood to be the oldest non-aligned nation, the United States can re-support Nepal's peace zone proposal by encouraging Nepal. Nepal can get rid of foreign policy instability . There will be historic support for Nepal. When Nepal becomes non-aligned, our friendship may deepen. Nepal's policy will continue to be defined by India and China will end.


Nepal is an old nation. Every Nepali has Nepaliness. The US wants democracy, human rights, development in Nepal, not military disguise. If USA respect Nepal's geopolitics, it should be said that the backbone of Nepal's foreign policy is the zone of peace. It should be said that there is no goal to build a military camp. then all the anti-American rumors will die.

Then Nepalis will understand the importance of MCC in Nepal. What is the significance of the huge assistance provided by USAID? What is the weight of the corona vaccine and other development partnerships? How Nepalis became one on the map of Nepal, Nepalis will be one in the same way from the American point of view.

MCC was stopped, America started it again. USAID has stopped, such assistance should continue. Nepal should support Make America Great Again by improving relations, and create an environment for increasing US grant assistance for Nepal's democracy and development.

It is not easy for any nation to honor Nepal in such a way that the United States has the opportunity. Now the abusive party, the leader and the youth will start praising America. If that happens, Nepal's big neighbors will not be able to do politics. Terrorism and communism will fall like iron rust. **Is America ready?**

# राजेन्द्र र गिर्वाणको युग कस्तो ?




महारानी राजराजेश्वरी सुसारे र चौतारा बलभद्र शाहलाई लिएर नेपाल फर्कन्छिन् । उनी नेपाल प्रवेश गर्नासाथ सीमाबाट अगि नबढ्न महारानी सुवर्ण प्रभाले सेना पठाउँछिन् । चौतारीया बलभद्र शाहको त्यहीँ मृत्यु हुन्छ । महारानी राजराजेश्वरी बलपूर्वक काठमाडौ पस्दछिन् । उनलाई रोक्न गएको अर्को सेनालाई रानीले तरबारबाट स्वयम् मुकाविला गर्दछिन् । केवल डोले र भरियामात्र फर्किन्छन् । महारानी पैदलै दरबारतिर हानिन्छन् । पक्रन तेस्रो टोली खटिन्छ । त्यसले उल्टै रानीलाई बोकेर थानकोटको कीमडोलमा बासको व्यवस्था गरिदिन्छ । त्यो वि.सं. १८५९ मार्ग १४ गतेको दिन हुन्छ ।

रोक्न असफल भएपछि रानी सुवर्ण प्रभाव गेरुवा वस्त्र पहिरिएर पशुपतिमा गएर बस्छिन् । चौतारीया शेरबहादुर शाही, काजी दामोदर पाण्डे र बक्तवीर सिंह बस्नेत गएर कीमडोलबाट राजराजेश्वरीलाई सिन्दुरजात्रा गरेर दरबार भित्र्याउँछन् । त्यसपछि अब हामी दुई बहिनी (सौता) मिलेर ५ वर्षे राजाको हितमा काम गर्ने भनी मोतो मिलाएर स्वर्णप्रभालाई दरबार ल्याउँछिन् । दुबैले मिलेर काम गर्ने प्रण गर्दछन् ।

रानी राजराजेश्वरीले स्वामी काशी बस्दा कम्पनी सरकारको रवाफ नेपालमै बढ्दैजाने र नेपाल ल्याए बबण्डर मच्याइ रहने भएकाले नेपालमा ल्याएर नजरबन्दमा राख्नु उचित ठान्दछिन् । दुई वर्षसम्म स्वामीलाई खर्च नपठाइएकोले स्वामीले काशीका महाराजबाट ठूलो रकम ऋण लिन्छन् । लिएकोले ऋृण तिरेर फिर्ता बोलाउन उचित ठानेर सुब्बा हस्तदललाई ऋण तिर्न चाहिने रकम दिएर काशी पठाउँछिन् ।

राजदूत नक्सले नेपालको आन्तरिक मामलामा समेत असामान्य हस्तक्षेप गर्न थालेपछि स्वामी महाराजलाई फर्काउने योजना गर्ने सोच बनाइन्छ । राजराजेश्वरीको सोचको सुइँको पाएपछि नक्सले दुई रानीबीच फाटो ल्याउने षडयन्त्र गर्दछन् । सुवर्णप्रभाको पक्ष लिएर आन्तरिक राजनीतिमा हस्तक्षेप गर्न थाल्दछन् । आफू बलियो हुन रानी राजराजेश्वरीले वि.सं. १८६० श्रावण ५ का दिन मन्त्रिमण्डल विघटन गरेर नयाँ गठन गर्दछिन् । चौतारिया विदुर शाहलाई मुख्य चौतारिया र दामोदर पाण्डेलाई मूल काजी (प्रम) मा नियुक्त गर्छिन् । वख्तबर सिंह बस्नेत, बलबन्त राना, नरसिंह गुरुङ, काजी (मन्त्री) का रूपमा राखिन्छन् । महारानी सुवर्णप्रभा र चौतारिया बम शाहलाई कैद गरिन्छ । दशदिनपछि काजी बख्तवार सिंहलाई पनि कैद गरिन्छ ।

कंपनी सरकारको राजदूत नक्सलाई काठमाडौमा हैजा फैलिएकाले मकवानपुर गएर बस्न आदेश दिन्छिन् । नक्सलाई हेटौडा पठाएपछि ऊ आक्रोसित हुन्छ । वि.सं. १८६० देखि स्वामी महाराजलाई निगरानी गर्न छाडिदिन्छ । दामोदर पाण्डेलाई मन नपराउने अग्रेजले विभिन्न बहानामा निकै निदिखुदी गरेर खोतल खातल गर्न थाल्दछ ।

चौतारीया शेरबहादुर शाहीले चौतारीया पद नपाएकोले स्वामी महाराजको पक्षमा उत्रिन काशी जान्छन् । ३० वर्ष मुनिका दर्जनौ केटा त्यहाँ पुग्दछन् । सरदार भीमसेन थापाको योजनामा स्वामी नेपाल फर्केर सत्ता हातमा लिने योजना बुन्छन् । योजना अनुसार भीमसेन थापा मुख्तियार (प्रम), रङ्गनाथ पण्डित राजगुरु, रणजीत पाण्डे, त्रिभुवन खवास, अमर सिंह थापा मन्त्री र शेरबहादुर थापालाई मूलचौतारा बनाएर काशी मै मन्त्री परिषदको गठन गरिन्छ ।

स्वामी फर्कने सुइको पाएपछि वि.सं. १८६० फागुन २का दिन त्रिभूवन खबास, रणजित पाण्डे, अमरसिंह थापा लगयतका स्वामी महाराज पक्षधरलाई नजरबन्दमा राखिन्छ । स्वामी महाराज आएपछि टुडिखेल लुमडी मन्दिरमा राख्ने योजना बनाइन्छ । बिसं १८६० फागुन २१ गते (मार्च १, १८०४) दिन स्वामी महाराज काठमाडौ आइपुग्छन् । श्री ५ गीर्वाणयुद्ध विक्रम शाह र संरक्षिका महारानी राजराजेश्वरी बाहेक सबै भाइ भारदार थानकोट पुगेर राजकीय सम्मानका साथ भित्र्याउँछन् । स. भीमसेन थापाको योजना अनुसार स्वामीले काजी दामोदर पाण्डे र सरदार प्रवल राणालाई गिरफ्तार गर्दछन् । नेल, हतकडी र गलफन्दा लगाइन्छ । स्वामी महाराजले लुमडी मुकामबाट नै महारानी राजराजेश्वरीलाई कैद गर्दछन् । रानी सुवर्णप्रभा लगायत चौ. बम शाह, काजी बख्तबार सिंह बस्नेत र रणजीत पाण्डे कैदमुक्त गरिन्छन् । सबैको साविक पद पनि थमौति गरिन्छ ।

बालक राजा श्री ५ गीर्वाणयुद्ध विक्रम शाहलाई राज्याधिकार प्रदान गर्दा कायम भएको धर्म पत्र तोडिन्छ । प्रशासनको मुख्य बागडोर भीमसेन थापाको हातमा पर्दछ । स्वामी महाराजले चेत्दैनन्, फेरि पनि मोजमस्ती मै रमाउँछन् ।

एक रात लुमडी मन्दिरमै सबै पहरेदार मस्त सुतिरहेको बेला सरदार प्रबल राणाले दामोदर पाण्डेलाई -'भागौ, यो सुअवसर हो? ' भन्ने प्रस्ताव राख्दछन् । जवाफमा दामोदर पाण्डेले भन्दछन् - भागेर कहाँ जाने ? मुगलान गए, अङ्ग्रेज हाम्रो शत्रु हो, तिनीसँग शरण माग्नुभन्दा मर्नु वेश हो । पाल्पा गएमात्र हामी सुरक्षित हुन सक्छौ । तर त्यसो गर्दा देश टुक्रिन्छ, पश्चिम सतलजसम्म पुग्ने योजना भाँचिन्छ । अनि नेपालमा फिरिङ्गीको हालिमुहाली हुनेछ । देश द्रोह गरी बाँचेर विषय भोग गर्नुभन्दा राष्ट्रको भलाइको लागि जीवनको उत्सर्ग गर्नु नै उचित हुन्छ । दामोदर मान्दैनन् । प्रवलराणा दिशा गर्ने बहानामा खेतमा जान्छन् । एकजना सिपाही लिएर उतैबाट भाग्दछन् । भगाएको आरोपमा पहरा बसेका एकजना जमदार र सिपाहीलाई भोलिपल्टै प्राणदण्ड दिइन्छ । दामोदारलाई थप कठोर बनाइन्छ ।

यसैबीच वि.सं. १८६० फागुन २७ गते (मार्च ७, १८०४) का दिन स्वामी महाराजले गेरुवा वस्त्र फालेर राजसी पोशाक लगाउँछन् । ठाँटसाथ राजदरबारमा पस्दछन् । काजी दामोदर पाण्डेलाई १२ दिनसम्म घाँटीमा घण्टी झुण्डचाएर अमानुषिक यातनामा राखिन्छ । कलकत्तामा राजदूतका काम गरिरहेका सु. दीनानाथलाई पदमुक्त गरेर त्यस ठाउँमा रङ्गनाथ पण्डितका भाइ कृष्ण पण्डितलाई पठाउँछन् । सहानुभूति राख्नेलाई दुखादायी अप्रिय घटना सुनाउनका लागि सरदार प्रबल राना काशी गएर बस्दछन् ।

यस्तो गृह कलहले विदेशीले आफूले चाहे अनुसार गर्न सके, गरिरहेका छन् । नेपाल अधिराज्यको अङ्गभङ्ग गरिदिएका छन् । नेपालको स्वतन्त्रतामा आँच आएको छ । यस्तै अवस्थामा पनि सु. दीनानाथ र सरदार प्रवल राना फिरिङ्गीले नेपालमा हमला गरेभने तिनलाई भगाउने योजना बनाई रहने, सहायक भइ रहने प्रण गरिहन्छन् ।

स्वामी महाराजसगै ९३ जनाको ज्यान गएर रचिएको वैसट्ठी साल पर्वले भीमसेन थापालाई सर्वेसर्वा बनाउँछ । वास्तवमा उनले राजा, प्रम र राजसभा सबैको अधिकार एकिकृत गर्दछन् । इतिहासमै शक्तिशाली ब्यक्ति हुन्छन् । ललित त्रिपुरासुन्दरी उनले चाहे अनुसार श्री ५ गीर्वाणयुद्ध विक्रम शाहको लालमोहर लगाउने यन्त्रमात्र हुन्छिन् । रणमुक्तेश्वर शिवालय रणबहादुको प्राण गएको थलो हो । उनकै संझनामा उनले बनाइएको शिवालय हो ।

भिमसेन थापा निस्कन्टक अधिनायकका रूपमा स्थापित हुन्छन् । मुख्तियार भिमसेन थापाको कार्यकालको सबैभन्दा महत्वपूर्ण घटना अङ्ग्रेजसँग भएको २ वर्ष लामो युद्ध हो । यो युद्ध अङ्ग्रेजको कपटपूर्ण, षडचन्त्रात्मक रूपमा भएको हुन्छ, जुन उनले बुझ्न सकेनन् । यिनी सत्तामा हुँदै नेपालको पूर्व सीमान टिष्टा नदी र पश्चिम सीमाना अलकानन्द नदी थियो । परिवारजन सुदृढ गराउन व्यस्त यिनले भरखरै एकिकरण भएको नेपाल सुदृढ गराउन नै सकेनन् ।

यसैबीच इष्ट इन्डिया कम्पनी सरकारले बुटवलमा युद्धको चुनौती दिन्छ । चुनौती सामना गर्ने कि मेलमिलापको वातावरण बनाउने भन्ने दोधारमा रहन्छन् भिमसेन थापा । निधो गर्न भारदारी सभाको बैठक बोलाउँछन् । अनुभवहीन आलाकाँचा रहेको भारदारी सभाले बुटवलका विवादग्रस्त क्षेत्र छाडेर अङ्ग्रेजसँग सुलह गर्ने निर्णय गर्दछ । भीमसेन एक्लैले युद्ध गर्ने निधो गर्दछन् । युद्ध हुन्छ । युद्ध सकिएको लगत्तै वि.सं. १८७३ मार्ग ८ गते १९ वर्षे श्री ५ गीर्वाणयुद्ध विक्रम शाहको अकल्पनीय रूपमा स्वर्गारोहण हुन्छ । १८ दिनसम्म राज सिंहासन त्यत्तिकै खाली रहन्छ । वि.सं. १८७३ मार्ग २६ गते (८ डिसेम्बर १८१६) का दिन नाबालक युवराज श्री ५ राजेन्द्रवीर विक्रमलाई राज्यारोहण गराइन्छ । १८ दिनसम्म राजगद्धी खाली भएको अवस्थामा श्री ५ गीर्वाणयुद्ध विक्रम शाहकी जेठी महारानी सिद्धिलक्ष्मी देवी सती जान्छिन् । १४ दिनपछि कान्छी महारानी गोरक्ष राज्यलक्ष्मी देवी शाहको स्वर्गारोहण हुन्छ । त्यसैबीच बुटवल पूर्वका तात्कालीन ७ वटा जिल्ला अङ्ग्रेजले नेपाललाई फिर्ता गर्न मन्जुर गर्दछ । सिद्धीलक्ष्मी देवीलाई सतिजान बाध्य पारिन्छ । उनी सती गए अकन्टक शासन गर्न पाइन्छ भन्ने भीमसेन थापाको आशय रहन्छ । महारनी ललित त्रिपुरसुन्दरी श्री ५ को संरक्षिका रहेकोले भीमसेन थापा निकन्टक अधिराज्यका अधिनायक बन्दछन् । अङ्ग्रेजसितको युद्धमा हार खाए पछि भीमसेन थापाले सेनालाई तालिमको आवश्यकता बोध गर्दछन् । सेवा, सङ्गठन र तालिममा ध्यान दिन्छन् । आवास, पोशाक र गोला बारुदको व्यवस्था गराउँछन् । यिनले बाघ बगैचा पोखरी आदिको निर्माण गराएँछन् । यिनले बनाएका सुनधाराका दुइमध्ये एक धरहरा दूईपल्ट ढलेर अझै बन्दै छ । प्राइमिनिष्टर र कमाण्डर भीमसेन मातहत ६ हजार सेना हुन्छन् । भाइ रणवीर सिंह र भतिजा माथवर सिंहलाई पजनीमा कमान्डिङ कर्णेलमा नियुक्त गर्दछन् । आफन्तलाई प्रान्तपाल र वडाहाकिममा नियुक्त गर्दछन् ।

बालक राजाका एडिसीका रूपमा कमाण्डिङ कर्णल भाइलाई राख्दछन् । उनको अनुमति नभै बालक राजा र राजमातालाई पनि कसैले भेट्न नपाउँने व्यवस्था गर्दछन् ।

**श्री ५ गीर्वाणयुद्ध विक्रम शाह ( १८१६–००)**

गीर्वाणयुद्ध विक्रम शाहको जन्म १८५४ आश्विन २१ (२ अक्टोबर १७९७) मा हुन्छ । सानै उमेरमा उनको विवाह हुन्छ । उनका दुइटी रानी हुन्छन् । जेठीको नाम सिद्धिराज्यलक्ष्मी र कान्छीको नाम गोरक्षलक्ष्मी हुन्छ । बिसं १८७० मार्ग २४ गते (७ डिसेम्बर १८०६) का दिन १८ बर्षको उमेरमा गीर्वाणयुद्ध विक्रम शाहको देहान्त हुन्छ ।

श्री ५ राजेन्द्र वीर विक्रम शाह ( १८१३-१८८१)

राजेन्द्र वीर विक्रम शाहको जन्म बिसं १८७० मार्ग २४ गते (७ डिसेम्बर १८०६) का दिन हुन्छ । उनी १८७३ पौष २५ गते (६ जनवरी १८१७) का दिन राज गद्दीमा राखिन्छन् । उनी राजगद्दीमा बस्दा ३ बर्षका मात्र हुन्छन् ।

पदच्युत गरेर नजरबन्दमा राखिएका पूर्व राजा राजेन्द्रविक्रम शाहको वि.सं.१९३८ श्रावण ३० गते (१२ जुलाई १८८१) का दिन निधन हुन्छ । यी सबै काण्ड कान्छी रानीको महत्वाकाक्षाले भएका थिए । उनले आफ्नो छोरालाई राजा नबनाए यस्ता अरू थप पर्व भइरहने कुरा राजालाई खुलेआम भनेकी थिइन् । अताल्लिएका राजा राजेन्द्रले तुरुन्तै काशीबास जाने मनस्थिति बनाउँछन् ।

# प्रवासी नेपालीहरुको आवाज



सुरेशकुमार पाण्डे

नेपाली जनता आफ्नै देशभित्र बस्नसक्ने बातावरण बन्न नसक्नुमा कसलाई दोष दिने ? पहिले राणाहरूको साशन व्यबस्था बाटनै नेपाली जनतालाई विदेशमा खेद्ने काम हुँदैआयो त्यो अहिलेपनि रोकिएको छैन ।

१८१५मा गोरखा भर्तिकेन्द्रपछि अहिले सम्म त्यो काम रोकिएको छैन् । यद्यपि हाम्रो देश कुनै कालखण्डमा गुलाम भएन तर हामी गुलामजस्तै छौं ।

भारतबाट गोराहरू भारत छाडेर गए नेपालमा राणाहरू गए, उनिहरूसँग लडेर विजयी हासिल गर्ने र गराउने विर गोर्खाली सधैको खाली नै रह्यो । राजाहरू आए गए, निर्दलबाट बहुदल बन्यो तर नेपालीहरूको समस्या जिउँकात्यूँ छन् ।

सरकारसँग कुन देशमा कति हाम्रा सन्तान् छन् त्यसको तथ्याङ्क भेटिदैंन । त्यो मात्र होइन छिमेकी देशमा कति छन् त्यो पनि अनुमानित मात्र छ। जति आवाज उठाएपनि भारतस्थित नेपाली श्रमजिवीहरूको अबस्था उस्ताको उस्तै छ। त्यहाँ बसोबास गरेका प्रवाशी नेपालीहरूले स्वँस्फुर्तरूपमा संगठन बनाएर आ-आफ्नो समस्याको समाधान गर्दै आएका छन् । आखिर किन ? सरकारले परदेशमा गएका आफ्ना नागरिकहरूको रेखदेख गर्न चाहँदैन ?

हामीलाई छिमेकी चाहिन्छ । असल छिमेकीको व्यबाहर गर्ने छिमेकी भए सङ्कट पर्ने थिएन । तर अहिले चीन र भारत विश्वका ठुला धनी देशहरूको माझमा भएर पनि हामी सकसमा छौं । देशले मज्दुर निर्यात गर्दै आएकोछ । त्यसैबाट आएको रेमिटेंसबाट देश चलाउने प्रयात्न गर्दै आएको छ । अन्य श्रोत भनेको जनताले तिरेको तीरो नै हो । त्यसको अलावा देशभित्रको आर्को कुनै आयश्रोत देखिदैन । यस्तो परिस्थितिमा हाम्रो देश कति बलियो हुनसक्छ ? देश ऋणमा झनपछि झन डुब्दै आएको छ ।

युवाहरू विदेश पलायन भएकाछन तर त्यहाँ पनि उनिहरू सुरक्षित छैनन् । युवाहरू विदेशमा असुरक्षित हुनुमा पनि सरकारको कम्जोर पक्ष जिम्मेवार छ ।

भारत र नेपाल बिचमा भएको सुगौली सन्धि र भारत नेपाल बिचको शान्ति तथा मैत्रीबाट भारत पसेका नेपालीहरूको सङ्ख्या कति छ त्यसबारे प्रष्ट भन्न सकिदैन । खुला सिमानाका कारण साना देखि बृद्धासम्मका लाखौं नेपाली भारतिय भूमिमा छन् । उनिहरूले पहिले पहल सरकारी काम पाएकाथिए तर अहिले उक्त सन्धिको तहत गएका नेपालीहरूले सरअपवादको रूपमा पाएका होलान् ।

पहिले बिभिन्न राज्यहरूमा पुगेर सरकारी काममा खटेका युवाहरू फौजी इण्डिएन आर्मि बाहेकका ५८-६० वर्षमा उनिहरूले अबकास प्राप्त गरेर स्वदेश फिर्ता भएका नेपालीहरू प्रत्येक वर्ष भारतमा जान बाध्य गराईएको छ । वैज्ञानक युगमा जहँ मोबाइल नेटले सबै डिजिटल बनाइदिएको छ । यस्तो अवस्थामापनि नेपाली श्रमजीविहरूको यस्तो दयानिय अबस्था छ । यसबारेमा सरकारले सहयोग गर्नुको सट्टा मौन र उदासिन देखिन्छ ।

सरकारले उनिहरूको पेन्सिनको आफ्नै देशमा दिलाउने र लाइफ सार्टिफिकट आफैले लिएर भारत सरकार समक्ष पठाउने व्यबस्था गर्न सकिन्थ्यो । टेक्नोलोजीको अवस्थामा पनि नेपाली श्रमजिविहरूको यस्तो दयानिय अवस्था छ । कयौं भारत सकाररबाट अबकास प्राप्त गरेका नेपाली नागरिकहरू अहिले जान नसकेर पेन्सिनबाट वंचित भएका छन् । सरकारले यस्ता नागरिकहरूको सत्य तथ्य पत्तालगाएर उनिहरूको सौलियतका लागि ध्यान दिनुपर्ने हुन्छ ।

उक्त शान्ति तथा मैत्रि सन्धिमा उल्लेख भएको छ दुबै देशले आपसि समज्दारीमा एक आर्काका रैती तथा नागरिकहरूको हितमा कयौं कामहरू गर्न सकिने बारे । साथै नेपाली नागरिक वा भारतिय नागरिकहरूको समान अधिकारका कुराहरू उठाइएको छ । भारत सरकारले उक्त सन्धिलाई एकतर्फी रूपमा लागु गरेको छ । नेपालीहरूको हक हितका कुराहरू त अघोषित रूपमा खारेज भईसकेको देखिन्छ । यो अवस्थामा उक्त सन्धिको कुनै आवस्याकता देखिदैन । नेपालसँग भएका सन्धिहरू नेपालको हितमा व्यबहारिकतामा ल्याइएन ।

खास गरिकन मैत्री सन्धिको धारा आठ लाई भारत सरकारले व्यवहारिकता दिएको भए भारत टिष्टा देखि सतलजसम्मको भूभाग नेपाललाई फिर्ता दिनुपर्ने हुन्थ्यो ।

भारतीयहरूले यसो गरेनन् वा नेपाल सरकारको लियाकत भएन ? यसबारे अहिलेसम्म त्यो भूमिको त टाडैको कुरा हो । कालपानी लिपुलेख र लिम्पियाधुरा सामिल गरेर बनाएको नक्साले ट्वाल्ल परेर हेरिरहेको छ । नेपालीहरूसँग ग्वार मागेको छ । त्यो जमिनलाई फिर्ता दिने वा नेपाली जनताहरूले उक्त जमिन फिर्तालिने केही पनि हुनसकेन । बिगतमा भारतले उक्त तत्कालिन राजा महिन्द्रले भारत र चीनको युद्धपछि भारतको अनुरोधमा केही समयका लागि भारतीय सैनिक ब्यारेक बनाउन दिएको भनिने भूभाग आफ्नो नक्शामा राखेपछि बिवाद निम्ताएको थियो । पछि नेपाली संसदबाट ती भूभाग संविधानमा समावेश गरियो ।

अहिले वेजिङ्गमा प्रधान मन्त्री ओलीलाई चीनले तिमिहरूको भारत सङ्गको मुद्धा आपसमा सुल्झाओ यसमा हामी बिचमा पर्दैनौं भनेर उक्त मुद्धालाई अत्यन्तै हलुङ्गो प्रकारले लिएको छ । त्यो मात्र होइन ओलीलाई भन्दा बढी मोदीलाई प्राथमिकता दिएको देखियो ।

सरकारमा बसेकाहरूले आफ्नो देशसङ्ग माया गर्न सिक्नुपर्यो । आफ्नै लगानिमा ससाना उद्दोग खोलेर देशलाई आत्मनिर्भर गराउनुको विक्लप छैन ।

नेपाली युवाहरूको उर्वरशक्ति विदेशीहरूको विकासमा खर्चिएको छ । यो शक्तिलाई देशमा लगाउन सकेपछि मात्र देश आत्मनिर्भर हुन्छ। आज विश्वभरी नेपालीहरूको दयानिय अवस्था छ । मगन्ते भयो देश ।

न हामीसङ्ग कुनै प्रकारको नयाँ सिप छ, न हाम्रो देशको सम्मान फेरी हामी उनिहरूको आगनमा चौकिदारी र कुकको काम पाउने आसमा पुगेको हुन्छौं । त्यसैले त हाम्रो विश्वभरमा उपहास हुनेगरेको छ । सरकारमा बसेकाले उनिहरूको दलाली गर्ने विपक्षमा बसेकाहरू उनिहरूबाट खस्ला र खामला भनेर आँ गरेर बस्ने अनि उनिहरूको दृष्टिमा देश र जनताको कस्तो हैसियत हुन्छ होला प्रष्टै छ ।

सधैं भाडाको सिपाही, कुल्ली गर्ने र पसिना बगाएर पनि भोकभोकै अपमानित र तिरस्कृत हुनुपर्ने ?

के यो भन्दापनि नारकिय जीवन अरू हुनसक्छ ? हामीले आफ्नो देशमा स्वर्गको अनुभूती गर्छौं तर सरकारको व्यवहारले नर्कको सयर गराईरहेको हुन्छ । भारत स्थित नेपालीहरूले आफू बसेको ठाउबाट मतदान गर्न पाउनुपर्छ भने राखेको माग सर्वोच्चले समेत आदेश दिएको डेड् दशक पछि अहिलेसम्म त्यो लागु हुदैन । आजको यो विज्ञानले सबै टच गराएको अवस्थामा हाम्रो अबस्था उस्तै दास जस्तो छ ।

समस्यामाथि समस्या थपिदो छ । हिंसा, दण्डहीनता बढेको छ । भ्रष्टको झूठा आश्वासनमा कहिलेसम्म बाँच्ने ?




हरेक दिन www.nepaltoday.com.np
हरेक मंगलवार : गोरखा एक्सप्रेस

माटोवादीहरुको साझा पत्रिका
साप्ताहिक
गोरखा एक्सप्रेस
www.nepaltoday.com.np

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ भदौ २४, Sep.9 2025





अन्तिम पातो - शाश्वत शर्मा

# प्रमको भारत भ्रमण कहिले ?

निम्तो पाएका प्रम ओलीले परराष्ट्रमा होमवर्क गराएका छन् तर भारत भ्रमणको मिति तय भइसकेको छैन । निम्तो लिएर आएका भारतका विदेश सचिवले भदौ ३१ मा भ्रमण हुनसक्ने जनाउ दिएका थिए । खासगरी चीन र भारतवीचको लिपुलेकवीच व्यापार बढाउने, कैलाश मानसरोवरको तीर्थाटन सुगम बनाउने सहमति भएपछि नेपाली भूमिबाट नेपाललाई सोध्दै नसोधी व्यापार गर्ने विषयले नेपालमा बिरोध बढेको छ । यो असन्तुष्टि एससीआई शिखर सम्मेलनका समयमा चीनमा समेत गुञ्जिएको छ । नेपालले यो विषयमा सन २०१५ को ती दुई देशवीचको यही मामिलाको सहमतिपछि ८ पल्ट भारत र चीनलाई कूटनीतिक नोट पठाइसकेको छ । तर बेवास्ता गरिएको छ । यसपल्ट भने नेपालका प्रम ओलीले चीनका राष्ट्रपतिकै सामुन्ने यो विषयको उठान गरिनु र नेपालमा बिरोध बढ्नेले भारत अप्ठेरोमा परेको हुनसक्छ । यसकारण भारतले प्रम ओलीको भारत भ्रमणको मिति तय नगरेको हुनसक्छ ।

बिरोधका क्रममा ठूला साना दलका कार्यकर्ताले भारतका प्रम मोदीको फोटो पोष्टरमा जुत्ताले हान्ने काम भएपछि भारत रिसाएको हुनसक्छ । यसैबीच भारतीय समाचार माध्यमले भारतमा बसोबास गरिरहेका नेपालीलाई फिर्ता पठाउने, भारत जानेले पासपोर्ट बोक्नेपर्ने अन्यथा दण्ड जरिवाना गरिने समाचार छापेका छन् । अर्थात् हिजोसम्म सत्तासँगमात्र रिसाएको भारत अब नेपाली जनतासँग पनि रिसाउन थालेको छ । एमालेको विधान अधिवेशनमा प्रम ओलीले चिनियाँ राष्ट्रपतिसमक्ष नेपाली भूमिको विषय स्पष्टसँग राखिएको र चिनियाँ राष्ट्रपतिले चीनले नेपालको सार्वभौमिकताको सम्मान गर्ने र यो विषय भारतसँग कूटनीतिक वार्ता गरे सुल्झिने आशा व्यक्त गरेको प्रष्ट पारेका छन् । तर पनि भारतले कालापानी क्षेत्र भारतकै भएको भान पार्ने गरी समाचार दिइरहेका छन् । नेपालका प्रम ओलीलाई बोधगयामा भेट्ने भारतीय प्रम मोदीको योजना नेपालका प्रम ओलीले फेरि उठाउन सक्ने र आसन्न बिहारको चुनावमा नेपालले उठाउने विषयले नकारात्मक प्रभाव पार्ने हो कि भन्ने भाजपाले अनुमान लगाएर हच्किएको हुनसक्छ । भारतमै पुगेर भारतकै शासकका सामु नेपालका प्रम ओलीले कालापानी, लिपुलेक क्षेत्र नेपालको हो भनेर प्रमाण पछार्नसक्ने र त्यतिबेला भारतको बोल्ती बन्द हुने भएकाले ओलीलाई भारतमा स्वागत गर्ने कार्यको अझै मिति तय नभएको हुनसक्ने लख काटिएको छ ।

तथापि परराष्ट्र सचिव अमृत राईले भारत भ्रमणको तैयारी सुरु भएको बताएका छन् । यसका अर्थ भ्रमण हुन्छ केही तलमाथि भए पनि । यदि भारत भ्रमणको मिति तय भयो भने प्रम ओलीको भारत भ्रमण ऐतिहासिक हुने अनुमान गरिदैछ । पार्टीभित्रको द्वन्द्व, एमालेको गिर्दो साख बचाउन प्रम ओली कडा अभिव्यक्ति दिइरहेका छन् । राष्ट्रवादमा उभिंदा ०८४ को चुनावमा राम्रो प्रभाव पर्ने भएकाले पनि ओलीको चीनपछिको भारत भ्रमण ऐतिहासिक हुने अनुमान गरिदैछ । सत्तामा बसेर गरेका सबै अपराधलाई धुने र चुनाव जित्ने राम्रो तरिका पनि हो राष्ट्रवादी चर्को भाषण र देखाउने चरित्र । ओलीले नाकाबन्दीका बेलामा चीनसँग पारवहन सन्धि गरेर राम्रो काम गरेका थिए भने संसदबाट सर्वसम्मतिले संविधानमा चुच्चे नक्सा समावेश गराउने श्रेय पनि ओलीले बटुलेका थिए । तथापि ओली आफन्तवाद र भ्रष्टाचारमा नराम्ररी मुछिएका, विपक्षीलाई फसाउने र आफ्नालाई बचाउन माहिर मानिएका नेता पनि हुन् । निष्पक्ष न्यायिक छानबिन भयो भने सबैभन्दा पहिलो जेल जाने नेता भनेर टोल टोलमा बहसको विषय बनेको छ । सयौं काण्डहरुलाई झिल्के जामा पहिर्‍याउन पनि ओलीलाई कालापानीको मुद्दा अझ चर्को स्वरमा उठाउन जरुरी छ । यसैबाट गिरिबन्धु, भुटानी शरणार्थी, प्रतिपक्षीलाई फसाउने काण्डहरु छोपछाप हुनसक्नेछ र मिसन ०८४ सफल बनाउनु छ ।

केही विश्लेषक भन्छन्- यहीकारण पनि ओलीलाई सत्ताबाट सतहमा पछार्न विदेशी ताकतहरु प्रतिपक्षीहरुलाई उचाल्न थालेका छन् । प्रचण्डको कडा धम्कीलाई यही अर्थमा लिने गरिएको छ । अझ केहीले त सर्वोच्च अदालतले वर्तमान मन्त्रीमण्डलले विश्वासको मत लिनुपर्ने भनेर फैसला गरिदिएमा ओलीका लागि घातक हुनसक्ने तर्क राख्छन् । जेहोस्, अवस्था यस्तो छ । भारतले निम्तो दिए पनि अझै भ्रमण अनिश्चित छ । निम्तो दिइसकेकाले भ्रमण त होला, चुच्चे नक्साका विषयमा कुरा नउठाउने सर्तमा मिति तय हुने त होइन ?


## मानव बेचबिखन अपराध हो

◆ मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,

◆ मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,

◆ कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

◆ प्रचलित कानून बिपरित मानव अङ्ग झिक्ने वा ब्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,

◆ वेश्यावृत्तिमा गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने ब्यक्तिहरुलाई कानूनबमोजिम कारवाही हुन्छ ।

त्यस्तो कार्य कहींकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# शान्त प्रतिरोधको मौन स्वर : देशभक्तिको एक दर्शन



प्रेमसागर पौडेल

"यो देशमा मजस्तो देशभक्त कोही छैन," पाका मित्र नृपेन्द्रजङ्ग पाँडेले जब मुस्कुराउँदै यो भनाइ सुनाउनुभयो, त्यसमा गर्व भन्दा बढी गम्भीर सोच झल्किरहेको थियो । देशभक्तिको परम्परागत धारणा नारा लगाउनु, झण्डा बोक्नु, दलहरूको समर्थन वा विरोध गर्नु, सडकमा भिड्नु, आन्दोलन गर्नु नृपेन्द्रजङ्गको जीवनसँग मेल खाँदैन । उहाँले कहिल्यै कसैको पक्षमा जिन्दावाद भन्नुभएन, विपक्षमा मुर्दावाद भन्नुभएन, विरोधका नाममा ढुंगा हान्न जानुभएन, सरकारी सम्पत्तिमाथि हात उठाउनु भएन । उहाँको बुझाइमा, शान्त रूपमा सचेत नागरिकको जीवन बिताउनु, दलगत उन्मादबाट टाढा रहनु, र विवेकपूर्ण मौनता कायम गर्नु नै आजको नेपालको सन्दर्भमा साँचो देशभक्ति हो ।

नेपालको इतिहास राजनीतिक अस्थिरताले भरिएको छ । बारम्बार सत्तापरिवर्तन, आदर्शको नाममा अवसरवाद, अनि जनताको भावना दोहन गर्ने प्रवृत्तिले देशलाई थकित बनाएको छ । सडक आन्दोलनहरू, नीतिगत असहमति, र जनदबाब सधैं सकारात्मक हुँदैनन् । कतिपय अवस्थामा त्यसले अराजकता जन्माउँछ, जुन सुधारको सट्टा विध्वंसतर्फ लान्छ । यस्तै अवस्थाबीच नृपेन्द्रजङ्गले उठाएको सोच गम्भीर प्रश्नको रूपमा आउँछ के देशभक्तिको मापन नाराको उचाइले गरिन्छ कि विवेकको गहिराइले ?

देशमा जसले जे बोले पनि, शक्ति सन्तुलनमा सधैं विदेशी स्वार्थको छायाँ देखिन्छ । कहिले विदेशी राष्ट्रका दूतावासहरू, कहिले अन्तर्राष्ट्रिय संस्थाहरू यिनीहरूको चासोले नेपालका आन्तरिक निर्णयहरूमा प्रभाव पारिरहेको अनुभूति भइरहन्छ । यसै सन्दर्भमा उहाँले भन्नुभयो, "सत्तापक्ष र प्रतिपक्ष दुवैलाई विदेशी शक्तिले आफ्नो स्वार्थअनुसार चलाइरहेका छन् ।" उहाँको दृष्टिकोण केवल गुनासो होइन, बरु गहिरो राजनीतिक अवलोकन हो । बाह्य शक्तिको चासो नेपालमा नयाँ कुरा होइन, तर जब तिनको प्रभाव नीतिनिर्माणदेखि राष्ट्रिय स्वाभिमानसम्म पुग्छ, त्यहाँ निस्पृह, विवेकशील नागरिकको मौन विरोध अत्यन्त सशक्त बन्न पुग्छ ।

सञ्चार माध्यमको विस्तारसँगै मानिसहरू सुसूचित भएका छन्, तर सँगसँगै झुट, भ्रम र उत्तेजनात्मक सन्देशहरूले सामाजिक सोचलाई धुंधल्याएको छ । 'देशको पक्षमा बोल्नु' र 'दलको पक्षमा उभिनु'बीचको भिन्नता हराउँदै गएको देखिन्छ । जनतामा बढ्दो आक्रोश स्वाभाविक हो, तर त्यसको अभिव्यक्ति विध्वंसकारी हुन थालेपछि त्यसले उद्देश्य गुमाउँछ । नृपेन्द्रजङ्गले जताएको चिन्ता त्यही हो आन्दोलनको नाममा आक्रोश व्यक्त गर्दा, कतै हामी राष्ट्रिय चरित्र नै धूमिल पारिरहेका त छैनौं?

राजनीतिको नाममा सार्वजनिक सम्पत्ति जलाउने, सामान्य नागरिकलाई हैरान बनाउने, अनि पछि 'यो त जनताको आवाज हो' भनेर निष्कर्ष निकाल्ने अभ्यास अब प्रश्नको विषय बन्नु पर्दछ । जनताको आवाज भनेको चर्कोश्वर होइन, तर्क हो । परिवर्तन भनेको घात होइन, चेतना हो । अनि चेतना कहिलेकाहीँ मौनता पनि हुन सक्छ नजिकबाट नियाल्ने, साँचो बुझ्ने, र आवश्यक बेला निर्णय गर्ने सामर्थ्य भएको मौनता ।

नृपेन्द्रजङ्गजस्ता नागरिकलाई राजनीति नगर्ने, आन्दोलनमा नजाने, भनेर आलोचना गर्न सकिन्छ । तर यिनै वर्गले कर तिरेर राष्ट्रको आर्थिक पिँधलाई मजबुत बनाइरहेका छन् । यिनले शान्त जीवन जिउँदै अन्यायको साथ दिँदैनन् । न दलका कार्यक्रममा सहभागी हुन्छन्, न झुठा आश्वासनमा ताली बजाउँछन् । उनीहरू स्वयं देशको आत्मा जस्ता छन् नदेखिने तर आवश्यक, नचर्किने तर स्थिर । नेपालजस्तो सानो राष्ट्रको सन्दर्भमा यस्तो सोचको मूल्य अझ बढी हुन्छ । यहाँ आन्तरिक निर्णयहरूमा बाह्य प्रभावको सम्भावना उच्च छ । त्यस्तो अवस्थामा, जोशमा भन्दा होशमा आधारित नागरिक सजगता चाहिन्छ । यस्ता नागरिकहरू आलोचना गर्न होइन, उत्तरदायी बन्न विश्वास गर्छन् । उनीहरूको देशप्रेम प्रदर्शन होइन, अनुशासनमा देखिन्छ ।

समय बदलिँदैछ । अब देशभक्तिको परिभाषा पनि गहिरो हुनु जरुरी छ । नागरिकको मूल्य नारामा होइन, न्यायमा छ । सडकमा उत्रने अधिकार जति छ, उत्रिन नचाहनेको विवेक पनि त्यत्तिकै मूल्यवान् छ । देशभक्तिको नाममा उग्रता देखाउनु सजिलो हो; तर तटस्थ रही न्यायको पक्षमा उभिनु कठिन छ ।

नृपेन्द्रजङ्ग पाँडेले प्रतिपादन गरेको विचार देशभक्ति भनेको चुप लाग्नु मात्र होइन, विवेकले चल्नु हो, यो आजको नेपालमा गहिरो सन्देश हो । यो सोच हाम्रो लोकतन्त्रको रक्षा गर्ने मौन खम्बा बन्नसक्छ । उहाँजस्ता नागरिकहरूको मूल्य त्यसबेला बुझिन्छ, जब चिच्चाउनेहरू थाक्छन्, तर विवेकले बोलेको मौनता सधैं बाँच्छ ।

# नोभेम्बरमा- कोरियामा सांस्कृतिक प्रदर्शनी हुँदैछ




नेपाल-कोरिया सांस्कृतिक प्रदर्शनी नोभेम्बरमा कोरियाको सोलमा हुने कार्यक्रम रहेको छ । यो प्रदर्शनी कोरियामा गर्नका लागि तैयारी भइरहेको आयोजक सदस्यले बताएका छन् । यो प्रदर्शन हुने विषयमा गत असार २४ गते आयोजक एएमएस म्युजिक एन्ड इन्टरटेनमेन्ट प्रालिले पत्रकार सम्मेलनसमेत गरेर उद्घोष गरेको थियो ।

एएमएस म्युजिक एन्ड इन्टरटेनमेन्ट प्रालिको आयोजनामा दक्षिण कोरियाको राजधानी सोलमा नेपाल-कोरिया सांस्कृतिक, पर्यटन तथा शैक्षिक प्रदर्शनी हुन लागेको हो । यस कम्पनीकी अध्यक्ष सत्यकला तामाङ लामाले आगामी नोभेम्बरमा दक्षिण कोरियामा प्रदर्शन गरिने बताएकी छन् ।

अध्यक्ष सत्यकला तामाङले नेपाल र दक्षिण कोरियाबिच सांस्कृतिक आदानप्रदान, पर्यटन प्रवर्द्धन, नेपाली खाना तथा सामग्री प्रदर्शनीका साथै शैक्षिक तथा श्रम श्रमिक बारे बहस गर्ने उद्देश्यले कार्यक्रम गर्न लागिएको उल्लेख गरेकी छिन् । यो कम्पनीका प्रबन्ध निर्देशक छन्- फूर्वा ग्याल्बो मोक्तान (थुप्तेन) । उनका अनुसार कार्यक्रमले दुई देशबीचको सम्बन्ध जनस्तरमा विस्तारका साथै नेपालमा पर्यटक बढाउनका लागि पनि सहयोग सिद्ध हुनेछ । यो साह्रै महत्वपूर्ण कार्यक्रम पनि हो

एएमएस म्युजिक एन्ड इन्टरटेनमेन्ट प्रालिले वर्ल्ड पिस युनियन र सर्भिस ओरियन्टेट इन्टरएक्टिभ भिडियो एप्लिकेसनको सहकार्यमा दक्षिण कोरियाको सोलमा नेपाल-कोरिया सांस्कृतिक प्रदर्शनीको तैयारी गरिएको हो । यस कार्यक्रममा नेपालका ख्यातीप्राप्त र अन्य राष्ट्रिय कलाकारको विशेष प्रस्तुति रहने बताइएको छ ।